*प्रधान सम्पादक*
**संघनायक भिक्षु अश्वघोष महास्थविर**
४२५९११० (संघाराम विहार, ढल्को)

*प्रकाशक र विशेष सल्लाहकार*
**भिक्षुणी धम्मवती**
फोन: ४२५९४६६

*सम्पादक*
**भिक्षुणी वीर्यवती**
**फोन: ४२५९४६६**

*सम्पादन सहयोगी*
**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*
**चिनीकाजी महर्जन**
फोन: ९८४१२५२६६२

**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७५३७७, ९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**
फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*
**इन्द्रमान महर्जन**
फोन: ९८४१४३४५७२

*कार्यालय*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल
पोष्ट बक्स नं. ४९९२, काठमाडौं
फोन: ४२५९४६६


बुद्ध सम्बत् २५६२
नेपाल सम्बत् ११३८
इस्वी सम्बत् २०१८
बिक्रम सम्बत् २०७५

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति
## (बौद्ध मासिक)
# THE DHARMAKIRTI
## A Buddhist Monthly

**29th MAY 2018**

| वर्ष- ३६ | अङ्क- २ | अनला पुन्हि | जेठ २०७५ |
|---|---|---|---|


क्रोधीलाई, अक्रोधी भई जित्नु। खराब कार्य गर्ने व्यक्तिलाई असल कार्य गरेर जित्नु। कञ्जुस व्यक्तिलाई दान दिएर जित्नु। झूठावादी व्यक्तिलाई सत्यवादी बनी जित्नु।

सत्यवादी, अक्रोधी बनी मागन आउने व्यक्तिलाई अलिकति भएपनि दिनु। यी तीनवटा असल कार्य गर्ने बानी भएको व्यक्तिले देवगति प्राप्त गर्नेछन्।

अहिंसक बनी, सदाकाल काय संयमी भएका मुनीजनहरू, कहिले पनि पतन नहुने स्थानमा शोक रहित भएर रहन सक्ने छ।

सदाकाल जाग्रत भई, सदाकाल कर्त्तव्य पालन गरी निर्वाण प्राप्त गर्ने इच्छा गर्ने व्यक्तिको आश्रव नष्ट हुँदै जानेछ।

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# सफल मानव जीवनको लागि आवश्यक आधारहरू

मानिसको जीवन प्राप्त गर्न त्यति सजिलो छैन । मानिसको जीवन प्राप्त गरेपनि एक मानिसले सफल र सुखमय जीवन प्राप्त गर्न पनि त्यति सजिलो छैन । किनभने कमाउनु, खानु, लगाउनु, भौतिक सुख सम्पत्ति भोग्नु, र सुत्नु मात्र वास्तविक सफल जीवन होइन । यो कार्य त एक पशुले पनि गरिरहेको छ । मानिस र पशु जीवनमा फरक भन्नु नै धर्म आचरण हो । मानिसको लागि नभइनहुने रत्न भनेको नै चरीत्रवान बन्न सक्नु हो । बुद्ध शिक्षानुसार मानिसमा यी ४ प्रकारका लक्षणहरू हुनु अति आवश्यक छ ।

(१) उत्थान सम्पदा –

राम्रो कार्यमा उत्साही बनी इमान्दारीपूर्वक कमाउनु पर्दछ ।

(२) आरक्ख सम्पदा –

उत्साहपूर्वक र इमान्दार पूर्वक कमाइएका धन सम्पत्ति सुरक्षा गर्न पनि जान्नु पर्दछ ।

(३) कल्याणमित्रता –

असल र इमान्दार साथीहरूको संगत गर्नुपर्दछ ।

(४) समजीविकता –

आफ्नो आम्दानी अनुसार खर्च गर्ने बानी बसाल्नु पर्दछ । आम्दानी भन्दा बढि खर्च गर्ने बानी भएको मानिसले कहिले पनि सुख पाउनेछैन ।

भगवान बुद्धले मानिसको जीवन कति दुर्लभ छ भन्ने विषयमा बुझाउनको लागि यसरी विश्लेषण गर्नभएको छ–

**किच्छो मनुस्स पटिलाभो, किच्छं मच्चान जीवितं**
**किच्छं सद्धम्म सवनं, किच्छो बुद्धानं उप्पादो**

अर्थात्– मानिसको रूप लिई जन्मेपनि सम्पूर्ण अंगले परिपूर्ण मानिस भई जन्मन पाउनु दुर्लभ हुन्छ । कुनै न कुनै अंगहीन भएर जन्म लिइरहेका मानिसहरू पनि हामीले देखिराखेका छौं ।

आँखा नभएका, लुलो लंगडो, बहिरो, लाटो, लठेब्रो आदि अपाङ्ग व्यक्तिहरूले मानिसको शरीर धारण गरे पनि सपाङ्ग व्यक्तिले जस्तै सन्तोषपूर्ण जीवन विताउन पाइरहेका हुँदैनन् ।

कोही मानिस जन्मे देखि त कोही मानिस जन्मेर केही वर्ष पछि हलन चलन गर्न नसकी दिसापिशाब ओछ्यानमा नै अरूले सोर्न पर्ने अवस्थामा पनि जीवन बिताइरहेका हुन्छन् । यस्तो अवस्थामा परेका व्यक्तिहरूले साँचो अर्थमा सन्तोषपूर्ण स्वास फेर्न पाइरहेका हुँदैनन् । ध्यान भावना गरी मनलाई आफ्नो वसमा राख्न सक्ने संसारको त्रिलक्षण स्वभाव (अनित्य दुःख र अनात्म) लाई बुझिसकेका आर्य पुद्गलहरू बाहेक अन्य पृथकजनले यस अवस्थामा नर्कतुल्य जीवन जिइरहेको हुन्छ ।

– अंगप्रत्येंग परिपूर्ण सपाङ्ग जीवन विताउन पाइरहेमा मानिसहरूले पनि आफ्नो जीवन साँचो अर्थमा सुखमय पार्न सकिरहेका हुँदैनन् । कारण मानिस एक सामाजिक प्राणी हो । उसले परिवार समाजमा आफ्नो जीवन व्यतित गर्न बाध्य हुन्छ । त्यही परिवार र समाजमा जोसंग जीवन गुजार्नुपर्ने हुन्छ, ती व्यक्तिहरू विश्वास गर्न योग्य, इमान्दार र सभ्य भएमा मात्र जीवन सुखमय हुनेछ । होइन भने उसको जीवन समस्याले जकडिएको दुःखपूर्ण हुनेछ ।

यसको साथै सुखपूर्वक जीवन विताउनको लागि आधारभूत आवश्यकताहरू परिपूर्ति गर्न पनि अत्यावश्यक हुन्छ । बाँच्नको लागि आवश्यक खाना, लगाउनको लागि आवश्यकतानुसार लुगा, बसोबासको लागि उचित बासस्थान, विरामी पर्दा आवश्यक औषधी मूलो सबैको लागि आधारभूत आवश्यकताको रूपमा लिइन्छ । यी आवश्यकताहरू परिपूर्ति हुन सकिएन भने बाँच्न कठिन हुन्छ ।

– मानिसको जीवन सुखमय बनाउने अर्को अमूल्य साधन भनेको समय समयमा राम्रो आचरण, चरित्र सुधार्ने नैतिक शिक्षा र राम्रो बानी व्यवहार जस्तो असल शिक्षा बारे जान्ने, सिक्ने र सुन्ने मौका पनि आवश्यक हुन्छ । समय समयमा मानिसहरूलाई यसरी राम्रो मार्गमा



Downloaded from http://www.dhamma.digital

दोऱ्याउने राम्रो संगत प्राप्त भएपछि उनीहरूले आफ्नो गलत बानी व्यवहार हटाई आफ्नो जीवनलाई गतिलो मार्गमा दोऱ्याउन सक्षम हुनेछ । फलस्वरूप जीवन सुखमय बनाउन सक्नेछन् ।

यस्तो गर्न नसकेको कारणले आजभोली देशका पढे लेखेका कतिपय कर्णधार नवयुवक युवतीहरूले भौतिक सम्पत्तिको लोभमा कुकार्यहरू गर्दै आफ्नो जीवन वरवाद पारी अभागी र दुखमय जीवन विताइरहेका छन् ।

– यस संसारमा बुद्ध जस्तो महामानव उत्पन्न हुनु अति नै दुर्लभ छ । बुद्ध उत्पन्न भएपनि उहाँको अमूल्य ज्ञान बुझी त्यसलाई जीवनमा उतार्ने व्यक्तिहरू पनि दुर्लभ नै छन् । तर जीवन ठीक तरिकाले सुखमय पार्नको लागि बुद्ध शिक्षा लाई अभ्यासमा नल्याई सम्भव छैन । हालसम्म बुद्ध शिक्षा सिक्ने मौका प्राप्त भइरहेको छ । त्यसैले हामी सबैले यो अमूल्य मौका खेर नफाली बुद्ध शिक्षा सिकौं, अभ्यास गरौं । शील, समाधिलाई अभ्यास गर्दै प्रज्ञा जमाऔं । अनि मात्र हामीले आफ्नो अमूल्य जीवनबाट अमूल्य लाभ प्राप्त गर्न सक्नेछौं ।

*आवरण चित्र परिचयको बाँकी अंश ...*

बुबा भनेको बुबा नै हुनेछ । ब्राह्मणले उक्त सभामा उपस्थित सम्पूर्ण ब्राह्मणहरूलाई आफ्ना छोराहरूलाई माफी दिलाउन प्रार्थना गर्दै उनीहरूलाई मृत्यु दण्ड नदिन अनुरोध गरे । आफ्ना छोराहरूले उनीहरूको गल्ती महसूस गरिसकेको जानकारी सभा समक्ष प्रस्तुत गरे । त्यसपछि ब्राह्मणका चारजना छोराहरू मिली बुबालाई घर लगी ठीक तरिकाले सेवा गर्नथाले । बुढो ब्राह्मण पनि प्रसन्न पूर्वक जीवन विताउन थाले ।

भगवान बुद्ध वीतराग (राग रहित), वीत द्वेष (द्वेष रहित), स्थितप्रज्ञ, अरहन्त र सम्यक सम्बुद्ध हुनुहुन्छ । आवश्यकता अनुसार मैत्री र करूणापूर्वक कठोरता पूर्वक व्यवहार पनि गर्नुहुन्छ र गराउनु हुन्छ । यसको परिणाम पनि राम्रो असल, र अनुकुल नै हुने गर्थ्यो । ❖

## बनेपा ध्यानकुटी – मैत्री केन्द्रलाई सहयोग

१) भिक्षु अश्वघोष महास्थविर, ध्यानकुटी विहार, बनेपा रु. २०,०००/-
२) मैंया शाक्य, अष्टरत्न शाक्य, बनेपा १० बाट सबिन शाक्यको जन्मदिनको उपलक्ष्यमा रु. २,०५०/-
३) निर्मला मानन्धर, असन, कमलाक्षीबाट रु. २,०००/-
४) प्रेमज्योती शाक्य, बनेपाबाट रु. ५००/-
५) राकेश शाक्य, बनेपाबाट रु. ५००/-
६) भिक्षु शोभित, गणमहा विहारबाट जलपानको लागि रु. ५००/-
७) तुयू लक्ष्मी, अशोकरत्न शाक्य परिवार बनेपाबाट खाद्यान्न प्रदान ।
८) अमृत लक्ष्मी, भोटाहिटी रु. ५००/-
९) भिक्षु सरणंकर, भिक्षु पियदीस्स द्वयको उपसम्पदा दिवसको उपलक्ष्यमा बौद्ध अध्ययन पुचः, बलम्बुबाट भोजन प्रदान ।

**❀ आजीवन वार्षिक भोजन प्रदानगर्ने दाताहरू –**

१०) सुर्ज माया चित्रकार परिवार, मैतीदेवी, (हाल किण्डोल) दि.श्रीमान भक्तलाल चित्रकार को पुण्यस्मृतिमा रु. १५,०००/-

## धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू

*क्र.सं. ८७९*

**ज्ञान बहादुर झाङ**
भक्तपुर, जगाती
रु. २,०००।–

**"मनको धर्म हो जुनसुकै काममा पनि अगुवा हुनु, अथवा मन मुख्य भएर जताततै पुगेको हुन्छ । त्यसकारण अशुद्ध मन भएर कसैले बोल्यो वा गऱ्यो भने बयलको पछिपछि गाडाको पांग्रा आए झैं दुःख पछि लागेर आउँछ ।" – धम्मपद**



Downloaded from http://www.dhamma.digital

# जस्तो बीउ त्यस्तै फल

✍ कल्याण मित्र सत्यनारायण गोयन्का

बोधिसत्व राजकुमार सिद्धार्थ गौतमको जन्म राजदरबारमा नभएर एउटा रूखमुनि, खुल्ला प्रकृतिमा, खुल्ला आकाशको मुनि भयो; जो व्यक्ति पछि सम्यक सम्बुद्ध हुनुभयो, अरहन्त हुनुभयो, वीतराग हुनुभयो, वीतद्वेष हुनुभयो, वीतमोह हुनुभयो, भवमुक्त हुनुभयो। उहाँले सत्यको खोजी गर्न, धर्मको खोजी गर्न पनि छ वर्षसम्म अँध्यारो गुफाहरूमा, वनका भित्र-भित्र ठाउँमा तपस्या गर्दै रहे। जब सम्यक-सम्बोधि प्राप्त भयो तब एउटा वृक्षमुनि, खुल्ला प्रकृतिमा, खुल्ला आकाशमुनि बस्न थाल्नुभयो।

सम्यक सम्बोधि प्राप्त भएपछि संसारका दुःखी व्यक्तिहरू प्रति करुणा जाग्यो। समाजमा धर्मको नाममा जुन कर्मकाण्ड प्रचलित थियो मानिसहरू त्यही साम्प्रदायिक जञ्जालमा यस्तरी अल्झिएका थिए, भित्र-भित्र दार्शनिक मान्यतामा अल्झिएका थिए। धर्मको नाममा शरीरलाई यातना दिने, दुःख दिने काममा लागेका थिए। यी कार्यहरू धर्मबाट कोसौं टाढा थियो।

यस्तो देखेर उहाँको मनमा करुणा जाग्यो, पहिलो पटक शुद्ध धर्म संसारमा वितरण गर्नुभयो; त्यो पनि खुल्ला प्रकृतिमा खुल्ला आकाशमुनि, रूखमुनि बसेर धर्मचक्र प्रवर्तन गर्नुभयो। अस्सी वर्षको पाकेको उमेरमा प्राण त्याग गर्नुभयो; त्यो पनि खुल्ला प्रकृतिमा, खुल्ला आकाशमुनि एउटा रूखमुनि रहेर। उहाँको जीवनको यी चारवटा महत्त्वपूर्ण घटना खुल्ला प्रकृतिमा नै भयो। त्यसैले उहाँले प्रकृतिको नियमलाई बुद्धिद्वारा र अभ्यासद्वारा खुब बुझ्नुभयो। बुद्धिद्वारा सत्यलाई जतिसुकै बुझे पनि त्यो व्यक्ति सम्यक सम्बुद्ध हुन सक्दैन। यसको लागि त आफूभित्रको सत्यलाई थाहा पाउनुपर्छ; तब मात्र आफूभित्रको विकारलाई निकालेर सम्यक सम्बुद्ध बन्दछ।

यो प्रकृतिको नियमलाई थाहा पाउनु भनेकै धर्मलाई थाहा पाउनु हो, शुद्ध धर्मलाई जान्नु हो। प्रज्ञाद्वारा आफूभित्र हेरियो भने थाहा हुन्छ कि प्रतिक्षण भित्र केही न केही भइरहेछ; जस्तो कि बाहिरी संसारमा पनि केही न केही प्रतिक्षण बदलिरहेको छ। केही बनिरहेको छ र केही समयपछि नष्ट भइरहेको छ। यो क्रम अटूट रूपमा भइरहेको छ। त्यस समयको भाषामा यस प्रक्रियालाई 'भव' भनिन्थ्यो अर्थात् प्रतिक्षण केही भइरहेको छ। यो प्रक्रिया सजीवमा पनि निरन्तर चलिरहन्छ; त्यस्तै निर्जीव वस्तुमा पनि चलिरहन्छ। त्यसै कारण त यी वस्तुहरू समय आएपछि जीर्ण हुन्छन्, नष्ट हुन्छन्। यही त जीवनधारा हो, यही त भव संसरण हो। बन्छ फेरि बिग्रिन्छ, बन्छ फेरि नष्ट हुन्छ। जन्मिन्छ, मरण हुन्छ। कस्तो प्रवाह चलिरहेको ? जति पनि बनिन्छ ती बिनाकारण हुँदैन, त्यसको पछाडि कुनै न कुनै कारण छ; त्यसैले त नयाँ परिणाम आयो। कारण-परिणाम, बिनाकारण केही हुँदैहुँदैन। फेरि अघि बढ्यो भने थाहा हुन्छ कि एउटा कारणबाट जुन परिणाम आयो, त्यो परिणाम फेरि अर्कोको कारण बन्दछ। बीउबाट फल बन्दछ, फेरि फलबाट बीउ पैदा हुन्छ। यसरी यसको चक्र चलिरहन्छ, भव-संसरण भइरहन्छ।

संसारमा जति पनि क्रियाकलाप हुन्छन् त्यसको कुनै न कुनै कारण हुन्छ। झ्वाट्ट हेर्दा फल रूखबाट आएको अथवा रूखमा फलेको झैं लाग्छ, तर अलि गहिरिएर सोच्यो भने थाहा हुन्छ कि फल त बीउबाट आएको हो। बीउ नभई फल आउँदैन, फल छ भने त्यसमा बीउ पनि अवश्य हुन्छ, फेरि त्यही बीउ ठूलो भएपछि फल दिन्छ। यसरी यो सारा प्रपञ्च चलिरहेको छ, यो भवचक्र चलिरहेको छ। विपश्यी साधकले यो कुरालाई राम्ररी जान्न थाल्छ, यो प्रपञ्चलाई आफ्नो अनुभवद्वारा थाहा पाउँछ। बाहिरको संसारमा यी बोट-बिरुवाको संसारमा पनि जस्तो बीउ छ त्यस्तै फल आउँछ। त्यस्तै शरीरभित्रको संसारमा पनि जस्तो कर्मको बीउ छ त्यस्तै फल पाउँछ। यस नियमलाई कसैले पनि रोक्न सक्दैन, फेरबदल गर्न सक्दैन। जस्तो बीउ छ त्यस्तै फल आउँछ।

हामीले एकै खालको जमिनमा दुई प्रकारको बीउ रोप्यौं– एउटा बीउ उखूको छ र अर्को बीउ नीमको छ। एकै खालको माटो, त्यही हावा, त्यही घाम, त्यही पानी तर उखूको बीउबाट उखू नै उम्रिन्छ, त्यस्तै नीमबाट नीम नै उम्रिन्छ। यहाँ कसैले केही गरेको छैन। यहाँ कोही महात्मा-परमात्मा कसैले केही गरेको छैन। तर किन यस्तो भयो उखूमा उखू फल्यो जुन अत्यन्त गुलियो



Downloaded from http://www.dhamma.digital

भयो। नीममा नीम उम्रियो जुन अत्यन्त तीतो भयो। यहाँ कुनै भगवान्को कृपाले उखू गुलियो भएको होइन; त्यस्तै भगवान् रिसाएकोले नीम तीतो भएको पनि हो इन। प्रकृतिको नियम नै त्यस्तै कि जुन बीउको जस्तो स्वभाव-गुण छ त्यस्तै स्वभाव-गुण फलमा पनि आउँछ। यहाँ कसैले केही गर्नुपर्दैन।

बीउ रोप्ने समयमा होश गर्नु कि यदि मिठो फल मनपर्छ भने नीमको बीउ नरोप्नु, तीतो फल आएपछि रोएर-कराएर के फाइदा ? जतिसुकै रोए पनि अथवा जीवनभर रोए पनि जस्तो बीउ हो त्यस्तै फल आउँछ त्यसमा हेरफेर हुँदैन। पछि रुनुको साटो बीउ रोप्दा होश गर्नुपऱ्यो कि कतै नमिठो फल आउने बीउ त परेन। नमिठो फल आइसकेपछि अरूलाई हारगुहार मागेर हुँदैन, कुनै देवी-देवताको पूजा गरेर हुँदैन, ग्रह-दोष भनेर भाकल गरेर हुँदैन।

यो प्रकृतिको नियम हो। यो नियम सबैका लागि समान छ। बीउ रोप्ने व्यक्तिअनुसार फल आउँदैन, कुनै वर्गका लागि फरक नियम हुँदैन। तीतो बीउबाट तीतै फल आउँछ, मीठो बीउबाट मीठै फल आउँछ। जुनसुकै जात-जातीका मान्छे अथवा जुनसुकै रहन-सहनका मान्छे अथवा जुनसुकै देशका मान्छेले रोपे पनि उखू मीठो नै हुनेछ, यस नियममा केही हेरफेर हुँदैन।

कसैलाई यस्तो पनि लाग्ला कि म माथि कसैको कृपा भएको कारण मैले मीठो फल पाएको छु। यस्तो कृपाले केही भएको होइन, अन्यथा संसारमा सबैले मीठो-राम्रो मात्रै पाउने थियो, आफ्ना इच्छाअनुसार रमाउने नै थिए, सबैका इच्छाहरू पूरा हुने थिए। प्रार्थना त सबै गर्छन्; तर फल सबैले त्यही पाउँदैनन् किन ? यसलाई बुझौं, कहाँ अल्झिएको छ ? आफ्नो कर्म सुधार्नतिर लागौं। जस्तो मेरो कर्म त्यस्तै फल। हामी दुष्कर्म नै दुष्कर्म गरौं र फेरि आशा गरौं कि कसैले कृपा गरिहाल्छ। हजार दुष्कर्म गरे पनि मलाई अदृश्य शक्तिको कृपाको कारण राम्रो फल प्राप्त अवश्य हुन्छ भन्न थाल्यौं भने जीवन डुब्यो। शुद्ध धर्म समाजबाट विलुप्त हुनुको कारण नै यही हो कि धर्मको शुद्ध स्वरूपलाई भुल्दछ। शील पालन गर्नु, मनलाई वशमा पार्नु, प्रज्ञाद्वारा चित्तलाई निर्मल पार्नु यी सत्कर्म हुन्। यस्तो गर्ने व्यक्तिले दुष्कर्म गर्नै सक्दैन र असल फल नै प्राप्त हुन्छ। शील पालन गरेन, मन वशमा राखेन, मन निर्मल गरेन भने जुन कर्म गरे तापनि दुष्कर्म हुन जान्छ र त्यसको दुष्फल नै आउँछ। यो कुरालाई जति छिटो बुझ्यो त्यति फाइदा हुन्छ र उसले त्यति छिटो शुद्ध धर्मलाई बुझ्दछ। अब बुझ्दछ कि म दुष्कर्म गर्दिन, म तीतो बीउ रोप्दिन किनकि मलाई नमिठो मन पर्दैन।

आफूलाई मीठो फल चाहिन्छ भने बीउ रोप्दा होशियार हुनुपऱ्यो, यो त एकदम सही कुरा हो। आफूबाट त्यस्तो कुनै कर्म नहोस् जसबाट पछि आफूलाई हानिकारक हुन्छ, कष्टदायक हुन्छ। खूब होस् हुन थाल्छ, खूब सजग बन्न थाल्छ। उसले चाहे आफूलाई हिन्दू, बौद्ध, सिख, इसाई, अथवा जेसुकै भन आफू धार्मिक हुने भयो। अब दुष्कर्म गर्नबाट बच्ने भयो, सत्कर्म गरिने भयो। आफ्नो भलाईको काम गर्ने भयो र अरूको भलाईको सहायक हुने काम गर्ने भयो। सारा वातावरण धर्म-तरङ्गले भरिने भयो। धर्मको यो शुद्ध रूप जुन सबैका लागि उपयोगी छन्, जुन प्रत्येक व्यक्तिको हीतमा छ, जुन हरहमेसा गर्न सकिने हो र त्यत्तिकै फाइदाजनक छ, यसलाई बुझेर आफूले अपनाउनुपर्छ। यसबाट जीवन जिउने तरिका बदलिने छ। एक जनाले अपनायो भने एक जना स्वस्थ हुनेछ, सुखी हुनेछ। त्यस्तै एक-एक जना गरेर सारा समाज स्वस्थ हुनेछ, सुखी हुनेछ। जति सक्दो छिटो यो कुरालाई बुझियो, स्वीकार गरेर आफ्नो जीवनमा लागु गऱ्यो, जीवनमा मीठो फल पनि त्यति नै छिटो आउँछ। यसलाई बुझेन भने भट्कियो।

भगवान्को जीवनकालको एउटा घटना– एक जना व्यक्ति भगवान्लाई भेट्न आए। उनको बुबाको परलोक भएको थियो। दुःखी बिचरा, भगवान्द्वारा आफ्नो पिताको लागि केही गराउन चाहन्थ्यो। अन्य सानातिना पूजारीहरू कर्मकाण्ड गरेर परलोक भइसकेका व्यक्तिको सद्‌गति, मुक्ति दिलाउने प्रथा समाजमा थियो। अब उहाँ त भगवान् सम्यक सम्बुद्ध, सर्वशक्तिमान्, महाकारुणिक, अरूभन्दा अति विशिष्ट, उहाँले केही गरिदिनुभयो भने त परलोक भएका व्यक्तिको सद्‌गति त अवश्य हुनेछ; भगवान्लाई बिन्ती गर्न थाले।

भगवान्ले उनलाई सम्झाउनुभयो, "होइन भाइ ! तिमीले यो प्रकृतिको नियमलाई बुझ्नु। प्रत्येक व्यक्ति आफ्नो कर्म आफैंले बनाउँछ र त्यसको फल पनि आफैंले भोग्दछ, अरूले के गर्न सक्छ र ?" तर त्यो व्यक्तिले यो कुरा बुझेन। भगवान्ले दुईवटा घैंटो



Downloaded from http://www.dhamma.digital

मगाउनुभयो। भगवान्ले उनको बुबाको लागि केही गरिने भयो भनेर अति खुसी भए। भगवान्ले एउटा घैंटोमा घ्यू भर्न दिनुभयो र अर्कोमा ढुङ्गाका गोटी भर्न दिनुभयो। दुइटैको मुख बन्द गर्न लगाई पोखरीमा राख्न दिनुभयो। दुईटै घैंटा आ-आफ्नो तौलअनुसार पानीमा डुबे। अब लट्ठीले हानेर त्यसलाई फोड्न लगाउनुभयो। विचरा त्यो व्यक्ति आफ्नो बुबाको सद्गतिको लागि अत्यन्त व्याकूल, अब बुबाले स्वर्गमा वास पाउने भयो भनेर अत्यन्त प्रशन्न हुँदै भगवान्को निर्देशनअनुसार काम गर्दै थिए। घैंटा फुटे पछि घ्यू पानीमा उत्रियो, गोटी पानीमा डुब्यो। अब, भगवान्ले भन्नुभयो, "तिमी यहाँ प्रार्थना गर्नु कि 'ए घ्यू ! तल जानु, तल जानु। ए गोटी ! पानीमाथि आउनु, माथि आउनु।"

"भगवान् तपाईं मलाई जिस्क्याउँदै हुनुहुन्छ। यो कसरी हुन्छ कि यो गह्रुङ्गो वस्तु पानीमाथि कसरी आउँछ, हलुको घ्यू कसरी पानीमा डुब्छ। यो प्रकृतिको नियम हो– गोटी जुन पानीभन्दा गह्रुङ्गो छ पानीमा तैरिन सक्दैन, त्यसैले पिंढमा रहन्छ। त्यस्तै घ्यू पानीभन्दा हलुको छ त्यो पानीमा तैरिन्छ, यो तल जान सक्दैन।"

भगवान्ले सम्झाउनुहुँदै भन्नुभयो, "ठीक त्यस्तै कोही व्यक्ति जीवनभर कङ्कड-पत्थरझैं काम गर्छ भने त्यो तल नै जानेछ, उसलाई कसले माथि ल्याउन सक्छ ? त्यस्तै सारा जीवन हल्का हुने घ्यूझैं काम गर्छ भने माथि नै रहन्छ, कसरी तल जान्छ ? उसको सद्गति नै हुन्छ। कसले उसको खुट्टा तान्छ र ? कर्म र फलको बीचमा अरू कसैले छेक्न सक्दैन, बाधा गर्न सक्दैन। जस्तो कर्म त्यस्तै फल आउँछ, जस्तो कर्म त्यस्तै फल आउँछ।"

यदि हामीलाई कसैले यस्तो कर्मकाण्ड गऱ्यो भने तिम्रो पाप नाश हुन्छ; यस्तो दार्शनिक मान्यता मान्यो भने तिम्रो कुकर्मको फल क्षीण हुन्छ; कुनै पर्व, उत्सव, तिर्थ गरेमा अथवा ब्रत-उपवास गरेमा पाप सकिन्छ भनेर हामी त्यसको पछि-पछि लाग्यो भने सत्कर्म गर्ने काम किन गर्नुपऱ्यो र ? कोही व्यक्ति आफ्नो कर्म सुधार्ने काम नै किन गर्छ ? शुद्ध धर्म धारण गर्ने काम नै किन गर्छ ?

जुन दिन यो दुष्कर्म गर्नाले मैले दुष्फल पाउँछु, यसबाट मलाई कसैले बचाउँदैन भन्ने बुझ्छ, उसले त्यस दिन दुष्कर्म गर्नबाट आफूलाई बचाउँछ। हरेक कर्म गर्दा सजग रहन्छ, आफूले कस्तो बीउ रोपिरहेको छ ? त्यस्तै जुन दिन सत्कर्म गर्नाले सत्फल पाउँछ भन्ने ज्ञान जाग्छ, तब सुकर्म गर्ने कामतिर सजग हुन्छ, मैले कस्तो बीउ रोपिरहेको छु, खूब सजग हुन्छ। बीउ रोप्ने समय सजग रह्यो भने फलको चिन्ता नै गर्नुपरेन। राम्रो-असल बीउ रोपेको छ भने असल फल अवश्य नै आउँछ। असल कर्म गरेको छ भने फल पनि अवश्य असल नै आउँछ।

धर्मको यस्तो सरल कुरा, यति सीधा कुरा। यसलाई किन गहन बनायो, हामी कहाँ फस्यौं। शुद्ध धर्म सबैले बुझुन्। सत्कर्म गर्नतिर लाग्नु, दुष्कर्म गर्नबाट बच्नु। आफ्नो मङ्गल हुने काम पनि गर्नु, अरूको मङ्गल हुने काममा पनि सहायक हुन सकौं। शुद्ध धर्म जजसले धारण गर्छ उनको मङ्गल हुनेछ, उनको कल्याण हुनेछ, उनको स्वस्ति हुनेछ, मुक्ति हुनेछ। ❖

*(साभार- 'विपश्यना', २०७५ वैशाख, वर्ष ३५, अङ्क १)*

## धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना

| २०७५ साल | बुद्धपूजा गर्नुहुने गुरुमांहरू | धर्मदेशना गर्नुहुने गुरुमांहरू |
|---|---|---|
| वैशाख १० गते, सोमवार, अष्टमी | क्षान्तिवती | वीर्यवती |
| वैशाख १७ गते, सोमवार, वैशाख पूर्णिमा | सुवण्णवती | धम्मवती |
| वैशाख २५ गते, मंगलवार, अष्टमी | शुभवती | दानवती |
| जेठ १ गते,मंगलवार, संक्रान्ति औंशी | शुभवती | केशावती |

## भुलसुधार

गत अङ्कको 'धमकीर्ति' पत्रिकामा प्रकाशित धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आर्थिक प्रतिवेदनमा क्र.सं. (क) को नं. ७ अल्पकालीन श्रामणेर तथा ऋषिनी प्रव्रज्याको विस्तृत आम्दानी/खर्च विवरण यसप्रकार रहेको जानकारी गराउँदै भूल सुधार गर्दैछु।

| आम्दानी | खर्च | वचत |
|---|---|---|
| १४५४१५/– | ११५००९/– | ३०,४०६/– |

*कोषाध्यक्ष- श्यामलाल चित्रकार*



Downloaded from http://www.dhamma.digital

# खण्डहाल जातक-२

- भिक्षुणी वीर्यवती

उता बोधिसत्त्व चन्द्रकुमारलाई यज्ञ कुण्ड समिप लगियो । चन्द्रकुमारकी माताले आफ्नो छोरोको जीवन दान दिलाउन खूब रोइन् कराइन् । तर केही शीप लागेन। तब उनीले आफुलाई रोक्न सकिनन् र यसरी देशमा अशान्ति र उपद्रव ल्याउनको लागि प्रमुख जिम्मेवारीको रूपमा रहेको खण्डहाल प्रति उनी खूब रिसाउँदै क्रोध व्यक्त गर्दै र खण्डहाललाई सराप्दै भन्न थालिन्– "हे खण्डहाल ! चन्द्रकुमार सहित अन्य ३ जवान राजकुमारहरूको हत्या गर्नका लागि यहाँ ल्याउँदा मलाई जसरी मातृहृदय शोक उत्पन्न भएको थियो, त्यसरी नै यस्तो शोक तेरी आमा र श्रीमतीले पनि भोग्न परोस् । तैंले निर्दोष सिंह समान रहेका मेरा कुमारहरूलाई मार्ने योजना बनाइस् त्यही पापले तेरी आमा र श्रीमतीले पनि आफ्ना छोरो र श्रीमान देख्नै नपावस् ।"

यसरी विलाप गर्दै रोए पनि त्यहाँ राजा र खण्डहाललाई केही असर पार्न सकेन । उनीहरू यज्ञमा बलीको तयारीमा मात्र तत्पर रहे । तब चन्द्रकुमारकी श्रीमती चन्दाले शोकाकूल बन्दै दुबै हातहरू जोडी त्यहाँका सारा परिषदको परिक्रमा गर्दै चित्त एकाग्रह गर्दै यसरी प्रार्थना गरिन्– "निश्चय पनि यस देशका राजालाई आफ्ना छोराहरू प्रति कति पनि स्नेह रहेनछ । मूर्ख खण्डहाल तैंले जुन प्राणीहरूलाई हत्या गर्ने जाल साजी गरिस्, तिनीहरू सबै निर्दोष छन्, यदि यो कुरो सत्य हो भने यही सत्यको प्रभावले मैले मेरी स्वामीको संगिनी बन्न पाउँ । यहाँ जति पनि अमनुष्यहरूले बास गरि रहेका छन् जति पनि मनुष्य र प्राणीहरूले वास गरिरहेका छन्, तिनीहरूको मैत्री बलले मलाई सहायता गरून् र म मेरा स्वामीको संगिनी बन्न पाउँ । म आफ्ना पति नगुमाउनका लागि याचना गर्दछु ।"

यसरी सबै प्राणीहरूको शोकाकुल वातावरण, आफ्ना श्रीमतीहरू, छोराहरू, बुहारीहरू लगायत सबै राज परिवारका कोलाहलपूर्ण विलापले भरिएको वातावरण, सारा जनताहरूको विरोधले भरिएको आवाज र उनीहरूको दुखी र शोकाकुल भावले भरिएको वातावरणले राजाको मनमा एक प्रकारको डर, भय र त्रासले ठाउँ लिन थाल्यो । अनि उसलाई आफ्नो कुकर्म प्रति पश्चाताप र भयले सताउन थाल्यो । उसको आफ्नै मनले आफैलाई यसरी धिक्कार्न थाल्यो– "म कत्तिको पापी रहेछु । स्वर्ग गई पंचकाम भोगमा लिप्त रहने आफ्नो स्वार्थी भावनाले ग्रस्त भई मैले आफ्ना निर्दोष छोराहरू, श्रीमतीहरू, श्रेष्ठी गृहपतीहरूलाई हत्या गर्न तम्सिरहेको छु । म कहाँसम्मको नीच रहेछु । अहिले मौकामा होश सम्हाल्न सकिएन भने मैले ठूलो पश्चातापको भूमरीमा फस्नु पर्नेछ । यस्तो कुकर्म मैले गर्नेछैन । यसरी आफ्नो गल्तीलाई महशूस गर्दै राजाले सबै निर्दोष व्यक्ति र प्राणीहरूलाई मुक्त गर्ने आदेश दिए । अचानक राजाको तर्फबाट यस्तो हुकुम सुनेपछि सबैजना अचम्म भए । राजाको हुकुम पालन गरियो । सबैजना मुक्त भएपछि त्यहाँ जम्मा भएका सबै जनसमुदायले आवेशमा आई दुष्ट खण्डहाललाई एक-एक ढुंगाले हान्दै त्यहीं मारे । उसको ज्यान लिइसकेपछि बाकी रहेका दुष्ट राजाको पनि ज्यान लिने विचारले राजा प्रति जाइ लागे । तब बोधिसत्त्व चन्द्रकुमारले आफ्ना बुबा राजा एकराजालाई अंकमाल गरी कसैले पनि छुन दिएन । तब जनताले विरोध गर्दै भने– राजकुमार चन्द्र ! हामीले यस पापी राजालाई नमारे पनि यसलाई हाम्रो नगरमा त राख्दै राख्दैनौं । यसलाई चण्डाल बनाई नगर बाहिर धपाउँछौ । यति भन्दै तिनीहरू सबैले राजालाई राजाको पोषाक उतार्न लगाई गेरू वस्त्र लगाउन दिई पहेंलो झूत्रो कपडाले टाउकोमा बेर्न लगाई चण्डाल बनाई चण्डालहरूको बस्तीमा पठाइदियो । यसरी जसले पशुघात गर्ने यज्ञ गर्छ र गराउँछ त्यस्ता कुकर्मको अनुमोदन गराउँछ, ती सबै व्यक्तिहरू यही जीवनमा नरकगामी हुँदो रहेछ ।

यसरी सबैले मुक्तिको आभास पाएपछि राज परिषद सहित सबै जनताहरू हर्षले प्रफुल्लित बन्दै खुशियाली मनाउँदै चन्द्रकुमारलाई राज्याभिषेक गरे । नगरमा आनन्द भेरी बजाई सबै जना मुक्त र स्वतन्त्र भएको घोषणा गरियो ।

तर बोधिसत्त्वले नगरबाट निष्कासित गरिएका आफ्ना पितालाई बिर्सेन । आफ्ना पिता रहने ठाउँमा चारै तर्फ पर्खालले घेरी सुरक्षित बनाइदियो । नगर भित्र आउन मनाही भएकोले आफ्ना बुबालाई समय समयमा भेटी आवश्यक खर्च पुऱ्याउँदै रहे । यसरी बोधिसत्त्व चन्दकुमारले धर्मानुकुल राज्य चलाई आफ्नो जीवन सार्थक बनाए । ❖



Downloaded from http://www.dhamma.digital

# त्रिसंयोगको दिनः बुद्ध जयन्ती

✍ मुनीन्द्ररत्न वज्राचार्य

"बुद्ध जयन्ती" भगवान बुद्धको जन्म, बुद्धत्व प्राप्ति, महापरिनिर्वाण जस्ता तीन महासंयोगको दिन हो । बुद्ध भन्नु हुन्छ, यो संसार दुःखमय छ । संसारमा पाइने दुःख मृत्यु, जरा, रोग आदि प्राकृतिक कष्टता छदैंछ । यसको अलावा प्राणीले प्राणीलाई दिइने दुःख अझ असही छ । जस्तो प्राणी माथि हुने दुःखमा बलको नामले, अधिकारको नामले जाति कुलको नामले, धर्मको नामले अन्याय अत्याचार भईरहेको छ । यी समस्त दुःख निवारणका लागि बुद्धले दिनु भएको विभिन्न सन्देशलाई समस्त मानव जातिले मनन गरिदिएमा यो संसारमा दुःख भनेको नै हुन्दैन । यसैले आजको पुनित दिनमा बुद्ध को हुन् भन्ने बारे जानकारी लिनु अतिसंयोक्ति छ ।

बुद्ध आज भन्दा २६०० सय वर्ष अघि राजा शुद्धो दन र रानी मायादेवीको कोखबाट नेपालको लुम्बिनी उद्यानमा जन्मेका थिए । बुद्ध हुनु अघि सिद्धार्थले जब चार किसिमका मानिसहरू बुढो, रोगी, मृतक र साधु देखे उनको मनमा दुःख प्रति निकै चिन्ता हुन थाले । यस्तो अवस्थालाई देखि दुःखबाट मुक्त हुन दरवारको सीमित कोठामा बसेर मात्र सम्भव छैन भनि सकारे । यही भावना लिएर बुद्धले आफ्नो राजदरवार र स्वास्नी यशोधरा र पुत्र राहुललाई सदाका लागि अत्तोपत्तो नदिई गृहत्याग गर्नु भयो जसलाई महाभिनिष्क्रमणको रूपमा लिए । बुद्धले पाँचवर्षको अनेक चेष्टाले ज्ञान हासिल गर्न प्रयास गरियो । कतिपय यस्ता विव्दत आचार्यहरू संग संगत गरियो तर पनि दुःखबाट मुक्त हुने सत्यताको ज्ञान हासिल गर्न सकेन । शरीरलाई कष्ट गरी ध्यान बसियो, भोको पेटमा बसियो तर पनि केही सन्तुष्तीको ज्ञान पाउन सकेको थिएन । उनले विचार गरे यो संसार अतिवादको पुजारी रहेछ । यो संसारमा दुःखको कारण बुझ्न यतिले नपुगेर सिद्धार्थ त्यहाँबाट पनि ज्ञानको लागि अझ थरी थरी उपायको खोजीमा लागे । तर एकदिन सिद्धार्थले आफनो महान सुदृष्टिले बोधिलाभ गर्नु भई बुद्धत्व प्राप्त गर्न सफल भए । जुन दिनलाई सम्यक संवोधिलाभको रूपमा अंगिकार गरिएको छ । बुद्धले अति कष्टकर तपस्वी जीवनलाई त्यागेर मध्यम मार्ग नै दुःख निवारणको एक मात्र बाटो हो भनी देखाउनु भयो । बुद्धले जुन ज्ञान हासिल गर्नु भयो, आज विश्व मानवका जातिका लागि दुःखबाट मुक्ति हुने उपायको रूपमा हुन गएको छ । जसलाई बुद्धधर्मको रूपमा आज सारा संसारले स्वीकार गरिएको छ । बुद्धधर्म अनुशरण गरेर मानिसहरू सुख र शान्तिको बाटोमा हिँडेर शान्तिपूर्ण जीवन यापन गर्दै आएका छन् । बुद्धको उपदेशलाई सबैले यसरी गर्न सकिन्छ ।

बुद्धको उपदेशको सार तत्व नै चतु आर्य सत्य र आर्य अष्टांगिक मार्ग हुन् । दुःख आर्य सत्य अन्तर्गत जन्मनु दुःख (जाति),वृद्धाअवस्था (जीर्ण) हुनु दुःख हो । यसको अलावा शोक, विलाप गर्नु दुःख हो । इच्छा पुरा नहुनु, अप्रिय संगको वियोग र दौर्मनस्य उपायास नै दुःख हो । संक्षेपमा पंञ्चउपादानस्कन्ध अर्थात रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान नै दुःख हो । दोश्रो दुःखको कारण हुन्छ जसलाई दुःखसमुदायसत्य भनिन्छ । जस्तो फेरी फेरी जन्म लिनुको कारण, लोभ तथा रागायुक्तको कामना गर्दछ दुःख आउन्छ जसलाई तृष्णाको रूप मानिन्छ । तृष्णा पनि तीन थरीको छः काम तृष्णा, भव तृष्णा तथा विभव तृष्णा । तेश्रो दुःख निरोध सत्य अर्थात दुःखको अन्य तृष्णालाई परित्याग गर्नु अनाशक्त हुनु नै दुःखको निरोध हो । चौथो आर्यसत्य दुःख निरोधगामिनि पतिपदा मार्ग सत्य हो । दुःख निरोधको मार्ग तर्फ लैजाने आर्य सत्य हो । जस अनुसार मध्यम मार्ग अपनाई क्लेशलाई निमूर्ल गर्नु हो । यसको लागि आर्य अष्टांगिक मार्गमा हिँड्नु हो । आर्य अष्टांगिक मार्ग अर्न्तगत जसको अभ्यासबाट निर्वाण प्राप्त गर्न सकिन्छ ।

आर्य अष्टांगिक मार्ग अर्न्तगत सम्यक दृष्टि (ठीक धारणा), सम्यक संकल्प (ठीक संकल्प), सम्यक वाचा (ठीक वचन), सम्यक कर्मान्त (ठीक कर्म), सम्यक जीवन (ठीक आजीविका), सम्यक व्यायाम (ठीक प्रयत्न), सम्यक स्मृति (ठीक समाधि (ठीक एकाग्रता) । वास्तवमा दुःख के हो भनि बुझनु, तृष्णाको अन्त्य गर्नाले दुःख नाश हुन्छ, कुशल र अकुशल चिन्ने र त्यसको कारण बुझ्नु, र ठीक समझदारी हुनु नै सम्यक दृष्टि हो । जीवन सार्थक



Downloaded from http://www.dhamma.digital


हुने गन्तव्य तिर पुग्ने अर्थात नैष्क्रम्य, अव्यापाद, अविहिंसालाई दृढतापूर्वक पालन गर्नु सम्यक संकल्प हो । सत्यवादी भएर संयम पूर्वक, नरम, आनन्दित हुने वचन बोल्नु सम्यक वचन हो । जीव हिंसा, चोरी, व्यभिचार कुकर्मबाट टाढिएको निस्वार्थता नै सम्यक कर्मान्त हो । शोषण, दमन, भ्रष्टाचार, अत्याचार र अन्याय बाट टाढा भएर, शस्त्रअस्त्रको व्यापार, देहव्यापार, प्राणीहिंसा नगरी जीविकोपार्जन नै सम्यक आजीविका हो । अनैतिक काम देखि टाढिएर मानसिक र चेतसिक नियन्त्रण गरी आत्मनियन्त्रण अभिवृद्धि तर्फ लाग्ने सम्यक व्यायाम हो । जीवनमा भई रहने आरोह कुशल अकुशल प्रति सजग भएर निरन्तर होश राख्नु सम्यक स्मृति हो । भावनामय विषयमा आनन्दित भएर चित्त एकाग्र गर्ने क्षमता विकास गर्ने, जीवन के हो संस्कारित चित्तमा समाधिस्थ हुने अवस्थालाई नै सम्यक समाधि भनिन्छ ।

बुद्धले विभिन्न अवस्थामा विभिन्न तरिकाले मानव जीवनलाई उपयोगी सन्देशहरू दिएका छन् । जसको पालना तथा अनुशरणले नै मानव जीवनमा दुःखबाट मुक्त हुनेछ । बुद्धले पञ्चशीलको ज्ञान अर्न्तगत हिंसा नगर्नु, नचोर्नु, व्यभिचारी नगर्नु, झूठोकुरा नबोल्नु र सुरापान नगर्नु आदी हो । यी पाँचकामबाट टाढिएमा दुःख हुने छैन ।

बुद्धत्व प्राप्तिका लागि दशपारिमिताको ज्ञानबाट पारंगत हुनु जरूरी छ । अरूलाई अनुकम्पा राख्नु, दया गर्नु नै पारमिताको लक्षण हो । भनिन्छ विशेष रूपमा दश पारमिता गुण तथा धर्महरू पुरा गरेर बोधिसत्व बन्न सकिन्छ । दश पारमिता अन्तर्गत दान, शील, नैष्क्रम्य प्रज्ञा (यर्थाथज्ञान), वीर्य (उत्साह), क्षान्ति (सहनशीलता), सत्य (यथार्थवचन), अधिष्ठान (प्रतिज्ञा), मैत्री (समताभाव), उपेक्षा (मध्यस्थता), आदि हुन् । यसलाई शील, समाधि र प्रज्ञाको रूपमा लिइएको छ । बुद्धले चतु ब्रम्ह विहार भनि चार असल किसिमले परिपूर्ण जीवन जीउनुलाई भनिएको छ । जस अनुसार मैत्री, करूणा र मुदिता (अरूको सुखमा खुशि हुनु), उपेक्षा तटस्थ भाव राख्नु हो । यी चार ब्रह्म विहारको भावनाले मनुष्यमा हुने राग, ईर्ष्या, क्रोध जस्ता चित्तमलको प्रक्षालन हुन्छ ।

संसार परिवर्तनशील छ । परिवर्तनशीलता नै अनित्य हो । बुद्ध तथागत हुनुको कारण सबै धर्म (स्वभाव), कारण (हेतु), ले उत्पति हुन्छ र कारणको निरोधले नै निर्वाण प्राप्त गर्न सक्छ भन्ने प्रतीतसमुत्पाद ज्ञान र उपायको ग्रहणले नै हो । यी ज्ञानले अनित्य, परि वर्तनशील,उत्पत्ति विनाश भइरहने धर्म हो भन्ने दृष्टि राख्दछ । बुद्ध आफु परिनिर्वाण हुनु अघि आफनो अन्तिम वचन पनि यसै भावनामा आधारित छ"वयधम्मा सङ्खारा अप्पमादेन सम्पादेथ" अर्थात सबै संस्कारहरू नश्वर (अनित्य) हुन्, अप्रमादपूर्वक सम्पादन गर । आज संसारले बुद्धका सन्देशहरूलाई दुःखबाट मुक्ति पाउनका लागि मनन गर्दै आएका छन् । बुद्धको शान्ति सन्देशलाई आत्मसात् गरी स्वव्यवहारका उतार्नु आजको वर्तमान परिप्रेक्षमा सान्दर्भिक हुनेछ । ❖

## उमावती गुरूमां दिवंगत हुनुभयो



काठमाडौं यटखा वहालमा १९८४ असार ५ गतेमा माता पूर्णमाया पिता शुभरत्न ताम्राकारको को खबाट जन्मनु भएकी सुनप्रभा ताम्राकार मिति २०५५ वैशाख २१ गते प्रव्रजित हुनु भएकी थिइन् ।

प्रव्रजित जीवन काठमाडौं स्थित कोंसावहालमा विताउँदै आउनुभएकी उमावती गुरूमां गत वि.सं. २०७५ साल वैशाख ८ गते शनिवार दिवंगत हुनु भएकी थिइन् । सोहीदिन दिउँसो विष्णुमतिमा उहाँको अन्त्येष्ठी कार्य सम्पन्न गरिएको थियो । भिक्षुणी संघको तर्फबाट सामूहिक परित्राण पाठ पश्चात् दान प्रदान गरिएको थियो । त्यसपछि दिवंगत गुरूमांको पुण्यस्मृतिमा पुण्यानुमोदन गरिएको थियो । दिवंगत गुरूमांको पार्थिव शरीरलाई योगाम्वर गुठीको तर्फबाट दाह संस्कार कार्य सम्पन्न गरी पुण्य सञ्चय गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

# मरणोपरान्त धर्मकीर्ति धम्मवती सम्मानं सम्मानित तारादेबी तुलाधरया म्हसिका

प्रस्तुती- **सुमित्रा तुलाधर**, न्ह्योखा

ने सं. ११३८ बछलाथ्व षष्ठी मिति २०७५ साल बैशाख ८ गते शनिवाः बुद्ध बिहार, टोखाय् जूगु धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया बार्षिक भेलाय् मयजु तारादेबी तुलाधर "धर्मकीर्ति धम्मवती" सम्मानं (मरणोपरान्त) सम्मानित जुया दिइगु खः ।

मां पुण्यमाया तुलाधर व बौद्ध त्रिरत्न मान तुलाधर या कोखँ वय्कः यँ ङत त्वाःया पसःननी ने.सं. १९८८ साल भाद्र शुक्ल ५ गते शुक्रवाः जन्म जुयादीम्ह खः उबले निरंकुश राणा शासनकालय् समाजय् विशेषयाना मिसापिसं आखः ब्वनेमज्यू आखः ब्वनकी स्यनी मिसापिं छँ नं पिहाँ वने मज्यू धैगु धारणा दुंगु इले व ईयात हाकुतिनाः सम्पन्न व सचेत परिवारया हःपा व तिबः दुगु कारणं वय्कलं जनबहालय् प्राइमरि भिक्षा कयादिल । अनंलि १९४८ सं कालिम्पोङ्गया सेन्ट जोसेफ कन्भेन्ट स्कूलय् ब्वँ भ्गाल । अन ब्वने क्वयचाय्काः नेपाः लिहाँ भ्गायाः डिल्ली बजारया कन्या हाइस्कूलय् (१०) भिगूगु तगिं तक ब्वनादिल । वहे इले ९० सालय् तः भुखाचं घापाः जूपिं बिरामिपिन्त नेपाःया न्हांपाम्ह नर्स बिद्यावती कसाःजुं तिनिख्यलय् सेवायाना दयूगु खँ न्यनाः तःगु व वय्कः मचांनिसें बुद्ध धर्मय् आस्था दुम्हं मन क्वसाम्ह जुयाः रोगी सेवा याय्गु धैगु हे तः धंगु मानव धर्मया ज्या खः धकाः नं थ्वीका दिल । सुनां रोगी सेवा याई वं जिगु सेवा याःगु जुई धैगु भगवान बुद्धया बचनयात मननयानाः रोगी सेवायानाः म्हं मफुपिन्त हौसला बिइगु ज्या यानादिल । थ्व हे इलय् बि.सं. २०१० सं परोपकार प्रशुति गृह संचालन यायेत मिडवाइफ तालिमया निति बिज्ञापन आव्हान याःगु जुया च्वन । तारादेबीं नं दरखास्त ब्यूगु जुल । उगु दरखास्त फाराम छनौट प्रकृयाये् दकले न्हापांगु लिष्टय् वय्कःया नां दुथ्यात ।

सन १९५३ सं वय्कः इलाहाबादया कमलानेहरू मेमोरियल हस्पिटलय् डिप्लोमा इन मिडवाइफ ब्वना दिलसा न्यू डिल्लीया एडविन हस्पिटलय् नर्सिङ्ग तालिम काय्धुंकाः कलेज अफ नसिंङ्गय पोष्ट ग्राज्युयत जुंयादिल । अनं लिहाँ भ्गायाः महाबौद्ध नर्सिङ्ग क्याम्पसया, क्याम्पस चीफ तकं जुयादी धूंकूम्ह खः । बि.सं. २०४७ सालय् टिचिङ्ग हस्पिटलय सुपरभाइजर पदय् जागिर नया च्वंच्वंगु इले सेवा पाखें स्वैच्छिक अवकासे कया दिल । अबकास कयादियाःनं छँ च्वना ई सितिं मछ्वसें नेवाः परम्परा संस्कृति विधि ब्ववहारे बिकृति मवय्केत आपालं कुतःयानाः उगु हे बिषययात दुग्यंक सल्लाह सुझाव इले ब्यलय् बियाः वया च्वनादी । भ्गींगु समाजया संस्कृति, बिधि ब्यवहारयात लोमंके मज्यूगु लुमंकाः तयेमाःगु 'बिधि' "थायभू" धैगु सफू च्वयाः पिथना दिल । गुगु सफू थौ भ्गीसं बिधि ब्यवहारया ज्याय् छय्ला वया च्वनागु दु धैगु खँ थन लुमंका च्वना । वय्कःयात थुकथं धाय्गु या तारातता-तारानिनी -तारादेबी आदि ।

वय्कलं थःगु पेशाया नापनापं समाजिक संघ संस्थाय् नं यक्व हे आबद्ध जुयाः ज्या यानादी । गथे परोपकार संस्था, जनचिकित्सालय, उदाय समाजया सल्लाहकार, ङत तुलाधरया बिधि ब्यवहार कमिटीया संयोजक, अथेहे धर्मकीर्ति बिहार स्वास्थ कमिटीया संयोजक धर्मकीर्ति पत्रिकाया बिशेष सदस्य, धर्मकीर्ति संरक्षण कोषया आजीवन सदश्य । २०२९ साल निसें धर्मकीर्ति बिहारया प्रमुख धम्मवती गुरूमां नापं सकल गुरूमापिं म्हं मफइबले सेवायाना च्वनादी । अनं थिरमान शाक्यपिं नाप समन्वय्यानाः उबलेंनिसे शनिवाः पतिकं धर्मकीर्ति विहारया उपासक उपासिकापिन्त निशुल्क स्वास्थ्य सेवा याना वयाच्वंगु खः । उलिजक मखु थाय थासय् गां गामय् वनाः शिविर संचालन याय्गु ज्याय न्हयचिला दीम्ह खः । वय्कलं २०३० सालय् धर्मकीर्ति विहार अध्ययन गोष्ठीया दुजःपिन्त होमनर्सिङ्ग तालिम बियाः दिइगु । अथे हे २०६८ सालं उदाय् समाज मिसा पुचया ग्वसालय् जूगु होम नर्सिङ्ग तालिम, उदाय छँ असनय् बियादीगु खः ।

वय्कलं तःगु हे देशय भ्रमणयाना दिइ धुंकूगु दु । भारतया इलाहाबाद, डिल्ली, चन्द्रीगध, सिमला, मथुरा बृन्दावन, बर्मा, जापान, थाइलैण्ड, मलेसिया, श्रीलंका, फिलिपिन्स द. कोरिया आदि ।

तारादेबी तुलाधर ८१ दँया बैशय खँ ल्हाल्हां आकाभ्गाकां थःगु हे छैं तँलाछी दिवंगत जुया दिल । वय्कः नेपाःया दकलय् न्हापांम्ह मिसाम्ह हिदाता नं खः वयकलं धर्मकीर्ति बिहार संचालनयाना च्वंगु स्वास्थ्य सेवा क्षेत्रय् अमूल्य योगदान या कदर यासे थुगुसीया धर्मकीर्ति धम्मवती सम्मानं सम्मानित याःगु जुल ।

भवतु सब्ब मंङ्गल ।




Downloaded from http://www.dhamma.digital

# मरणोपरान्त धर्मकीर्ति अश्वघोष सम्मानं सम्मानित अनेककथं म्हस्यूम्ह प्रकाश वज्राचार्यया म्हसिका

*प्रस्तुती*- **इन्द्रकुमार नकःमि**, ढल्को

धर्मकीर्ति विहार स्वनिगःया आपालं उपासक उपासिकापिनिगु पुण्यक्षेत्रया रूपय् न्ह्यज्याना च्वंगु छगू थेरवाद बौद्ध विहार खः । गन नेपाःया न्हापांम्ह 'सासनधजधम्माचरिय' पास याना बिज्याम्ह श्रद्धेय धम्मवती गुरूमां व श्रद्धेय अश्वघोष महास्थविरया मंकाः नेतृत्वय् न्हियान्हिथं जहाँथिना च्वन । वसपोलपिं कुशल गुरूपिनिगु छत्रछायाँय् धर्मकीर्ति विहारय् मेम्ह छम्ह बहुआयामिक व्यक्तित्वया रूपय् भीसँ प्रकाश वज्राचार्ययात खनाच्वनागु खः । श्रद्धेय धम्मवती गुरूमांनं थम्हं बर्माय् शुद्ध बुद्धशिक्षाया दुग्यंक अध्ययन यानाः २०२० आश्विन ७ गते नेपाः लिहाँ बिज्यानाः स्थापना याना बिज्यासांनिसें हे स्वनिगलय् धर्मकीर्ति विहार न्हियान्हिथं जहाँथीगु जुल । वहे इलय् प्रकाश दाई नं थःदुने च्वंगु वहु प्रतिभा ब्वयेत ताःलागु जुल । कम समयया दुने हे वयकः थी थी क्षेत्रया विज्ञ जुया दिल । अले थःगु नच्चाथु वैशय् हे थःके दुसुना च्वंगु थी थी प्रतिभा ब्वयेत ताःलागुलिं हे थौंतक नं भीसं लुम.का च्वना नापनापं थी थी क्षेत्रय् ज्वःमदूगु योगदानयाना उपिं थी थी क्षेत्रं न्ह्याबले लुमंका च्वनिगु हे जुल ।

**बौद्ध विद्वान रूपय् प्रकाश दाई –**

प्रकाश दाई बौद्ध विद्वान नापनापं स्पष्ट वक्ता नं खः । अभला माईक हे म्वाःम्ह वक्ता । थःम्हंस्यूगु विषय् लय् मेपिन्त खुसिइ लः न्ह्याईगुथें च्वंक सलल वंक व ध्वाथुईक कने फुम्ह । न्ह्यागु खँयात नं न्हूगु ढंगं न्ह्यब्वये गुलि प्रकाश दाई न्ह्याबलें च्वन्ह्याः । कम समय्या दुने हे बुद्धशिक्षाया ज्ञाता जुयाः बुद्धया शिक्षात वैज्ञानिक ढङ्गं च्वयेगु व कनेगुलि उलि हे च्वन्ह्याः । बुद्ध जयन्ती समारोह समितिया ग्वसालय् न्ह्याःगु अन्तर माध्यमिक विद्यालय् बौद्ध न्ह्यसः लिसः कासाय् व्यकः क्वीज माष्टर जुयाः न्ह्याकादीगु कासाय् ब्वति काःपिन्त व न्यनामिपिन्त गुलि ग्वाकाः न्ह्याइपुक्क न्ह्याकादीगु खः । गथेकी - 'उत्तर मी...ले...न....,' 'एन्सर ठीक .... भएन' इत्यादी ।

धर्मकीर्तिया लुखां २०३७ सालं प्रकाश दाईया न्हापांगु सफू "सप्तरत्न धन" पिदन । वहे सफू छुगुलिं हे वयकःया च्वयेगु पहः (शैली) गुलि सरल जुयाः नं मनुतय् नुगलय् गुलि क्वातुक्क छाप तयेत ताःलाः धकाः विश्लेषण यायेफू । सप्तरत्न धन (सप्तसत्पुरूष धन) मनूतय्के मदयक मगाःगु अमुल्य धन । मनूयात मनूधकाः थुईका बीगु धन धकाः भीत नेपाःया जीवन शैलीयात कय्च्यानाः बुद्धकालीन परम्परायात थ्री डाइमेन्शन भ्यूनं क्यना दीगु दु । धात्थेंहे जीवन्त ढंगं न्ह्याब्वया तःगु खः । मानौं छगू छगु धनया प्याखँ स्वयेथें छर्लङ्ग जुईक क्यनेगु ज्या जूवंगू दु । वयांलिपा २०३९ सालं धर्मकीर्तिया लुखां हे पिहाँवःगु "बौद्ध दर्पण" सफूतिंला मेगु हे कथं हलचल हे वयेका बिल । थ्व छगू सफूयात बाँलाक्क अध्ययन यात धाःसा व छम्ह बुद्ध, बुद्धधर्म, बौद्ध दर्शन, बौद्ध संस्कृतिया ज्ञाता ज्वीत कुगाः । बौद्ध न्ह्यसः लिसः कासाय् थ्व सफू थुलि ब्यापक रूपं छ्यलाबुलाय् वलकि न्ह्याक्व हे छापेयाःसां मगाः । बौद्ध न्ह्यसः लिसः कासाय् ब्वति काईपिसं थ्व छगू सफू जक अध्ययन याना वंसां कुगाः । थःम्हं नं बुद्ध जयन्ती समारोह समितिपाखें न्ह्याकूगु 'अन्तर माध्यमिक बौद्ध न्ह्यसः लिसः कासा'य् ब्वति कयाः ल्यू लाकेत ताःलागु खः । वहे सफू २०६१ सालं स्वक्वःगु संस्करणय् छुं छुं खँत तनाः व परिमार्जित यायेमाः थाय् परिमार्जित याये त थम्हं नं सम्पादन सहयोगीया भूमिका म्हितूगु खः । भीसँ छुँ च्वसु च्वयेमाःसा वहे "बौद्ध दर्पण" सफू छगू सरर ब्वना यंकल धाःसा प्रत्येक च्याप्टरं हे छगू से छगू च्वयेत तस्सकं ग्वहालि जूवंगुया दसू जितः हे जूगु दु । विद्यावारीधि यायेगु नितिं 'अनुसन्धान प्रस्तावना' नापं २००० खँग्वःया स्वपु च्वसु नं बीमाःगु । म्हो ईया दुने न्ह्यब्वये माःगुलिं छु याये छु याये जूबलय् वहे बौद्ध दर्पण जितः सातूसाला लँ क्यना बिल । अलेला छु मानी छकलं हे "चतुपरिषद्" व "बुद्धशिक्षाया व्यावसायिक ज्ञान" नांगु निपु च्वसु च्वया । धर्मकीर्ति विहारया लुखाँ हे किसा गौतमी (२०४०), भंग लाइम्ह लाखे (२०४२), मानव महामानव भाग-१ (२०४३ व २०६३), जातककथा (२०४४), बुद्ध र बुद्धपछि (२०४८) पिदंगु सफूया बारय् धायेगु खःसा गुलि धाये ? धयां साध्ये हे मजू । बुद्ध र



Downloaded from http://www.dhamma.digital

बुद्धपछि सफू गुलि च्वन्त्याः धकाः क्यनेगु खःसा व सफू छकलं प्रथम संस्करणय् हे स्वद्वःप्रति छापे जूगु खः। अय्नं थ्व सफू तुरन्त हे अभाव जुल। ब्वमिपिनिगु चाहनायात थुईकाः वय्कःया छेँजः पिनिगु पाखेँ वय्कःया मां व वय्कःया लुमन्तिसं निक्वगु संस्करण कथं छापेयानाः धर्मदानया रूपय् इनानं ब्यूगु खः।

उखानको कथा संग्रह (२०३७) च्वमि धम्मवती गुरूमां, बौद्ध विश्वास, भाग - १ (२०३८) च्वमि के. श्री धम्मानन्द, महासतिपट्ठान विपस्सना अन्तर्मुखी ध्यान (२०३९) च्वमि भिक्षु तंपुलु सयादो व श्रमण नारद (२०५०) च्वमि श्री युक्त नाथुराम प्रेमीया सफूत खयँभाषं अनुवाद यानाः थःगु जीवन्तकालय् हे बौद्ध साहित्यया धुकू जाये केत ताःलाम्ह प्रकाश दाई, तथागत बुद्धं थःगु जीवनकालय् ४५ गु वर्षावास च्वना बिज्यायेगु भ्वलय् गन गन छु छु उपदेश बिया बिज्यातधकाः ज्वःमदुगु अन्वेषणपूर्ण ज्याय् थःत पानादिल। छगू इलय् वयकः धर्मकीर्ति विहारनापं भचा तापात। व ईलय् जिं ईलय्विलय् नापलानाः वय्कःयात विहारय् हानं निरन्तरता बीत इनाप यायेगु बखतय् - "आसे इन्द्र कुमार ! जि सफू छगु च्वयेगुलि ब्यस्त जुया च्वन व सिधलकि वय्" धकाः नापलाक्व पतिं छगू हे लिसः बिया दी । तर अपशोच। मथ्यन। भौतिकरूपं वयकः धर्मकीर्ति विहारय् मथ्यंसां हलिमय् बौद्ध साहित्यय् हे ज्वः मदूगु सफू "लाईफ अफ तथागत" नांगु सफूया कृति वयकः धर्मकीर्ति विहारया सम्पूर्ण भवनय् हे न्ह्याबलें हे ल्यना च्वनिगु कथं थ्यंगु दु। बुद्धया शिक्षायात अनुसन्धानात्मकरूपं अध्ययन व अध्यापनया नितिं थ्व सफू ज्वः मदूगु दसूकथं काये बहः जू। नच्चागु वैशय् हे थःगु नश्वर देह त्याग याये माःगु हुनिं भगवानबुद्धया ४५ गु वर्षावासया घटनाक्रम उपदेशत संग्रह यायेगु पूमवंसां २७ वर्षावासय् गुलि पूवंक्क च्वया थकादीगु दु वहे भ्रीगु लागिं तःधंगु सम्पति जूवंगु दु।

अथेहे बरदेश दाईनापं जानाः २०४२ (गनं २०४१) असार निसें २०५१ चैत्रतक धर्मकीर्ति विहारया ख्वापाःकथं पिहाँ वयाच्वंगु "धर्मकीर्ति पत्रिका" या सम्पादक जुयाः व नापनापं आपालं च्वसूत च्वयाः थुगु पत्रिकायात बियादीगु योगदानयात बिस्कं हे उल्लेख याये बहः जू।

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी व प्रकाश दाई –**

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया दुजः रजिष्टरय् दुजः ल्याः नं. १ दुम्ह प्रकाश दाई धात्थे अध्ययन गोष्ठी नं न्ह्याबले न्ह्योने हे लाःगु खने दु। थःगु विषय्लय तार्किक रूपं वैज्ञानिक तरीकां थुइका बीगुलिंयाना अध्ययन गोष्ठीया शनिवारया कक्षा धिसिलाक्क न्ह्याःगु खः। अलेला उगु कक्षाय् ब्वति काईपिं नं गुबलें म्हो मजू। वि.स. २०४२ छयाञ्जे, २०४३ न्वकू, २०४४ माघ ९ निसें २०४९ असार २६ तक वय्कः अध्ययन गोष्ठीया मू दुजः जुयाः गोष्ठीपाखेँ रचनात्मक ज्याभ्वःत याना दिल।

धर्मकीर्ति विहार व धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया बुदिंया लसताय् स्वाँयापुन्हि न्ह्यो ईलय् विलय् धर्मकीर्ति विहारय् बौद्ध ब्वज्या (प्रदर्शनी) जुईगु खः। अथे जुईगु ब्वज्याय् प्रत्येक वर्षय् स्वकुमिपिन्त थी थी सवालं लुधंके ताःला। गुबलें बुद्धया थी थी देया मूर्तिया ब्वज्या, गुबले थी थी देया बौद्ध हुलाक टिकट ब्वज्या,गुबलें बुद्धकालीन भूगोल व प्रशिद्ध बौद्ध ऐतिहासिक व साँस्कृतिक स्थलया मोडल नक्सा दयेकाः ब्वज्या यानाः थःगु अनुपम कुशलता ब्वयेगुलि न्ह्याबलें ताःलागु खने दु। न्हूगु बिचाःया उद्‌गम यायेगु व व बिचाः यात मूर्तरूप बीत थः हे न्ह्यज्याना अतिकं साहशपूर्वक ज्या याना क्यनी बलय् समकालीन पासापिनीगु व जिपिंथें जाःपिं मचाल्याय्म्ह ल्यासेपिं नं उलि हे उल्लासपूर्ण ग्वहालिंयाना धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी छगूथीगु नगु ज्वीत ताःला।

अध्ययन गोष्ठीया ४ गु आजुमध्ये 'गां गामय् वना बुद्धया शिक्षा जनमासय् थ्यंकः वनेगु' छगु नं खः। अथे जुइगु ज्याभ्वलय् नं गोष्ठीया दुजःपिन्त चं चं धायाः, लय् लय् तायाः न्ह्याईपुगु लकसय् तयेत न्ह्यावलें न्ह्यो नेलाः। थःनं न्ह्यज्यानाः मेपिन्तनं न्ह्यज्याकेत प्रेरणा बियाः ज्याभ्वः न्ह्याईपुक्क व याउँक्क क्वचाय्केत ताःला।

**शिक्षकया रूपय् प्रकाश दाई –**

श्रद्धेय भिक्षु अश्वघोष भन्तेया नेतृत्वय् संघाराम भिक्षु तालिम केन्द्रय् २०३८ सालय् न्हापांगु पटकय् १० म्ह कुलपुत्रपिन्त श्रामणेर प्रव्रज्या दिक्षा ब्यूगु जुल। उपिं मचा मचापिं श्रामणेरपिन्त आखः ब्वंकेगु, अथेहे २०४० सालय् ५० म्ह, २०४१ सालय् ६५ म्ह व २०४२ सालय् जवनवती गुरूमां, यशवती गुरूमां (हाल रिता) पिन्त कक्षा ९ या अंग्रेजीया पाठ्यपुस्तक ब्वंकादीगुलि जि नं ब्वनागु खः। विज्ञाननापं स्वापू दुगु अंग्रेजी विषययात उदाहरणत फुक्क हे विज्ञानया खँत स्वानाः स्यना दिगु



Downloaded from http://www.dhamma.digital

खः । अथेहे २०४३ फागुणं निसें २०४४ असारतक बर्मी उपासिका मा. तेमां अंग्रेजी भाय् स्यनादी बलय् नं जिमित बरदेश दाई, मदन दाईनापं जाना लेख, बाखँ, रिपोर्ट च्वयेगु, कार्यक्रमय् न्ववायेगु आदि स्यनादीगुयात जिमिसं न्ह्याबले लुमं ।

**धर्मकीर्ति विहार संरक्षण समिति व प्रकाश दाई –**

धर्मकीर्ति विहार संरक्षण समितिया २०५३-२०५६, २०५८ - २०५९ सालतक मूदुजः जुयाः विहारयात सुथांलाक्क न्ह्याकेत थःगु बिचाः त न्ह्यब्वयाः व ज्यायानाः दीगुयात नं भ्रीसँ लोमंके मफईगु हे जुल ।

**कलाकार, साहित्यकारकथं प्रकाश दाई –**

नेपालभाषाया नांजाम्ह कलाकार, साहित्यकार धर्मकीर्ति विहार नापं जक मखू नेपालभाषा साहित्यनं ज्वःमदुम्ह व्यक्ति खः । नेपालभाषाय् 'हिं बुलातःगु पौ' नांगु जासुसी उपन्यास नापं थी थी छ्धाः प्याखं च्वयेगु, म्हितेगु व स्यनेगु स्वकथं हे उत्कृष्टम्ह । वय्कलं 'विशाखा' 'श्रद्धा व प्रज्ञा' 'छुच्चाम्ह बञ्जा' नांया नाटकय् बुद्धया शिक्षायात न्हूगु ढंगं उलि हे स्यल्लाक्क न्ह्व्वयेत ताः लागु खने दु । भिंगुक्वगु अन्तर क्याम्पस नेपालभाषा साहित्य सम्मेलन किर्तिपुर क्याम्पसं न्यायेकेगु भ्वलय् छगू सांस्कृति ज्याभ्वःस 'फ्वगीं गुथि' नांगु नाटक च्वयाः, स्यनाः व म्हिताः नाटकक्षेत्रय् नं थःगु प्रतिभायात छर्लङ्ग जुईक न्ह्यब्वया दिलः । थःके च्वंगु कलाकारीताया न्ह्व्वयेगु भ्वलय् 'हिं च्वयेमाःगु बाखँ', 'छगू प्याखं धात्थेंगु', 'जागीर (बूम्ह ?) मनू', 'कुलां चकनी तिनी ' नांया छ्धाः प्याखनय् याना दीगु अभिनय्बारे च्वयां साध्य हे मजू । छुजक च्वये ? प्रत्येक प्याखँया मुख्य आकार्षक व्यक्ति हे वय्कः जूगुलिं फुक्क प्याखनय् हे हिरो । हिरोजक मखू नासलं नं लिगुलिं उत्कृष्ट हे जुयाः सिरपा हे त्याकादीम्ह ।

**कम्प्युटर सफ्टवेयर व प्रकाश दाई –**

प्रकाश दाई छम्ह मल्टि डाइनामिक व्यक्ति खः । नेपालय् कम्प्युटर सफ्टवेयर निर्माणया ख्यलय् नं छम्ह ज्वः मदुम्ह व्यक्तिया रूपय् नं वय्कःया नां जाः । नेपाःया थाय् थासय् बैंक, फाइनान्स, सहकारी संस्थाय् धेबा बचत यायेगु, लिकायेगु यायेगु भ्वलय् ब्याजया हिसाब अटोमेटिक रूपं यायेत बैंकिंग सफ्टवेयर "पुमोरी" या सिस्टम एनालाईसिष्ट डिजाइन व प्रोगामर नं खः । वयकलं दय्कादीगु कम्प्युटर सफ्टवेयर धलः तः गुमछिं दूगुलिं उपिं धलः थन न्ह्यब्वया मच्वना । नेपाःया नांदंगु कम्प्युटर सफ्टवेयरया आधिकारीक संस्थाया वय्कः प्रमुख जुयाः कम्प्युटर विज्ञानया ख्ययात तब्या यायेगु विशेष योगदान बिया थकूगु दु । अन्तय्, प्रकाश दाईया मां मोहनदेवी व बा सर्वानन्द वज्राचार्यया कान्छाम्ह काय् कथं ने.सं. १०७७ भाद्र त्रयोदशी (वि.सं. २०१५ भाद्र १२ गते) येँय् असं तछे बाहा नापसं नासः ननी बूगु खः । वय्कः छम्ह सरल स्वभावम्ह, चं चं धाम्ह, इलय्बिलय् न्ह्याईपुकेत ख्याः याये माम्ह, पासाभाईपिन्त थःगु छैं सःता नके त्वंके न्ह्याःम्ह मल्टि डाइनामिक विचार दुम्ह, थःम्हं सःगुलि मे पिन्त स्यनाबीगुलि च्वन्ह्याम्ह, सःतस्सम्ह, खुसी लन्ह्याःथें धाराप्रवाह न्वयाय् फुम्ह बौद्ध विद्वान, याये धालकि याहे याना क्यने फुम्ह, छम्ह ४७ दँया ल्याय्म्हया वैशय् ने. सं. ११२६ कछलाथ्व तृतिया (वि.सं. २०६२ कार्तिक १८ गते किजापुजाकुन्हु थी थी क्षेत्रय् थःगु प्रतिभा क्यना भ्री सकसितं तोता गुवलें लिहाँ मवय्गुकथं अनन्त यात्राय् भ्राःम्ह बहुप्रतिभाशी व्यक्ति खः । वयकः भ्रीगु न्ह्योने मदु उकीं वयकःयात मगाः मचाः गु पुरे जुयाः निर्वाण सुख याकनं लाभ याना काये फय्मा धकाः मनंतुना । ❖

✻ **धर्मप्रचार-समाचार** ✻

## प्रतित्य समुत्पाद विषयमा प्रवचन

*२०७४ फागुण २६ गते, शनिबार ।*

शाक्यधीता नेपालको आयोजनामा संचालित प्रवचन कार्यक्रममा यसदिन धर्मकीर्ति विहारमा सह-प्राध्यापक मदनरत्न मानन्धरबाट प्रतित्य समुत्पाद विषयमा प्रवचन भएको थियो । श्रद्धेय भिक्षुणी धम्मदिन्नाले पञ्चशील प्रार्थना गराउनु भएको उक्त कार्यक्रममा भिक्षुणी इन्दावतीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

प्रतित्य समुत्पाद अनुसार संसार चक्रका बाह्रवटा कारणहरू विश्लेषण गर्नुहुँदै प्राध्यापक मदन रत्न मानन्धरले यस संसार चक्रलाई धर्म चक्रमा कसरी परिणत गर्न सकिन्छ भन्ने विषयमा उल्लेख गर्नुभएको थियो ।

सुमित्रा तुलाधरले संचालन गर्नुभएको यस कार्यक्रममा मीना तुलाधरले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार

गतिविधि

## विषयः विनय पेय्याल (अंगुत्तर निकाय)

( १०३ औं कक्षा )

*२०७४ चैत्र १७ शनिवार पूर्णिमा*

*प्रवचक- मदन रत्न मानन्धर*

*प्रस्तुती- सुर्यकाजी शाक्य*

यस दिन प्रवचक मदन रत्न मानन्धरज्यूले अंगुत्तर निकायको विनय पेय्यासको सुत्र २०२ देखि सुत्र २३० भएकोमा २०२ देखी सुत्र २१४ सम्म ब्याख्या गर्नुभयो। यस क्रममा प्रातिमोक्ष (विनय नियम) मा भिक्षु प्रातिमोक्ष २२७ नियम र भिक्षुणी प्रातिमोक्ष ३११ नियम भएको वताउनु हुँदै प्राति भनेको प्राप्ती र मोक्ष भनेको मुक्ति भएको बताउनु भयो।

सुत्र २०२ प्रातिमोक्ष प्रज्ञप्ती – दुईता लाभलाई विचार गर्नु भई भगवान् बुद्धले भिक्षुहरूको लागि प्रातिमोक्ष प्रज्ञप्त गर्नु भयो। ती हुन् –

१) संघ (भिक्षु संघ र भिक्षुणी संघ) लाई ब्यवस्थित गराउने लागि

२) संघलाई सजिलो गर्नको लागि

यो भिक्षुहरू र भिक्षुणीहरूले गर्नहुने र गर्न नहुने बिनय नियमहरूको बारेमा स्पष्ट निर्देशन हो।

सुत्र २०५ प्रवारणा प्रज्ञप्ती – सुत्र २०२ मा उल्लेख भएको दुईता लाभलाई नै विचार गर्नु भई पवारणा प्रज्ञाप्त गर्नु भएको हो पवारणा भनेको भिक्षुहरूले वर्षावास अविधि सकेपछि आफूले गरेका आफूबाट भएका गल्ती वा दोषहरूको लागि भिक्षुसंघ संग माफी माग्ने वा पाप देशना गर्ने हो।

सुत्र २०७ तर्जनिय कर्मको प्रज्ञप्ती – सुत्र २०२ मा उल्लेख भएका दुईता लाभलाई विचार गर्नु भई भगवानले भिक्षुहरूको लागि तर्जनिय कर्मको प्रज्ञप्त गर्नु भएको हो। यो तर्जनिय कर्म गल्ती गरेको भिक्षुलाई सुधार गर्न र राम्रो गर्नको लागि संघले उक्त भिक्षुलाई दिइने गाली (दण्ड) हो।

सुत्र २१० प्रतिसारणीय कर्म - सुत्र २०२ मा उल्लेख भएका दुईटा लाभलाई विचार गर्नु भई तथागतले भिक्षुहरूको लागि प्रतिसारणीय कर्म (दोष पछी प्रतिस्थापना) प्रज्ञप्त गर्नुभएको हो।

सुत्र २११ उल्लेखणीय कर्म – २०२ सुत्रमा उल्लेखित दुईटा लाभलाई विचार गर्नु भई तथागतले भिक्षुहरूको लागि उत्क्षेपणीय कर्मको प्रज्ञा गर्नु भएको हो। उत्क्षेपणीय कर्म भनेको केही समयको लागि निलम्वन गर्ने दण्ड हो।

सुत्र २१२ परिवास कर्मको प्रज्ञप्ती - सुत्र २०२ मा भएका दुईता लाभलाई विचार गर्नु भई भगवानले भिक्षुहरूको लागि परिवास कर्मको प्रज्ञप्त गर्नु भएको हो, यस अन्तर्गत दण्डित भिक्षुलाई केहि समय परिक्षण कालमा राखिन्छ।

सुत्र २१३ मूल प्रतिकर्षणको प्रज्ञप्ती - सुत्र २०२ मा उल्लेख भएका दुईता लाभलाई विचार गर्नु भई भगवानले भिक्षुहरूको लागि मूल प्रतिकर्षण प्रज्ञप्त गर्नु भएको हो, यस अन्तर्गत भिक्षुलाई पहिलोको अवस्थामा फर्काउनु हो।

सुत्र २१४ मानव प्रज्ञप्ती ८ आत्म प्रायश्चित) - दुईटा लाभलाई विचार गर्न भई तथागतले भिक्षुहरूको लागि मानव प्रज्ञप्त गर्नु भयो ति हुन –

१) संघलाई ब्यवस्थित गर्न

२) संघलाई सजिलो गर्न।

**"मलाई गालि गऱ्यो" "मलाई पिट्यो" "मलाई हराई दियो" अथवा "मेरो लगिदियो" इत्यादि भनेर जसले आफ्नो मनमा बरावर विचार गर्छ, त्यसको मनमा कहिले पनि बैरभाव शान्त हुने छैन।" – धम्मपद**



Downloaded from http://www.dhamma.digital

# कोधवग्गो

*२०७५ वैशाख २२ गते, शनिवार*

*प्रवक्त- देवकाजी शाक्य*

*प्रस्तुती- राजभाई तुलाधर*

**कोधं जहे विप्पजहेय्य मानं, संयोजनं सब्बमतिक्कमेय्य ।**
**तं नामरूपस्मिमसज्जमानं, अकिञ्चनं नानुपतन्ति दुक्खा ॥**

क्रोधलाई नास गर, अभिमानलाई जित, सबै बन्धनहरूलाई जरैदेखि उखेल । नाम रूपमा नदांसिकन क्लेषरहित भएर रहने व्यक्तिलाई दुःख संताप हुने छैन ।

अनुरूद्ध भन्ते कपिलवस्तु जानु भएको बेला उहाँका नातेदारहरू सबैले भेट्न आए । तर आफ्नै वहिनी रोहिणी कुष्ठरोगको कारणले लाज लागेर आएन । अनुरूद्ध भन्तेले रोहिणीलाई लिन पठाएर पुण्यकर्म गर्न प्रेरणा दिए । रोहिणीले आफ्नो गहनाहरू बेचेर भिक्षुहरूको लागि आवास गृह बनाइ दिए । बुद्धसहित भिक्षुगणलाई त्यहाँ भोजनको आमन्त्रण गरियो । बुद्धले रोहिणीको कुष्ठरोगको कारण बताउँदै भन्नुभयो तिनीले पूर्वजन्ममा वाराणसीको राजाको अग्रमहिषी भएको बेला एक जना नर्तकीलाई क्रोध र इर्ष्याको कारणले जिउ चिलाउने वस्तुद्वारा नाच्न नसकिने गरी दुःख दिएर आएको कारणले उसलाई यो जन्ममा कुष्ठरोग भएको हो । वहाँले क्रोधको आवेगमा आएर कसैलाई दुःख नदेउ भनेर माथिको उपदेश दिनु भयो । उपदेशको अन्तमा रोहिणी सहित त्यहाँ उपस्थित धेरैले श्रोतापत्ति फल प्राप्त गरे । रोहिणीको कुष्ठरोग पनि निको भएर उनको रूप सुन्दर भयो ।

**यो वे उप्पतितं कोधं, रथं भन्तंव धारये ।**
**तमहं सारथिं ब्रूमि, रस्मिगाहो इतरो जनो ॥**

जसले बढ्दै गएको क्रोधलाई अनियन्त्रित भएको रथलाई नियन्त्रण गरे जस्तै नियन्त्रण गर्न सक्छ उसैलाई म साँच्चिको सारथी भन्छु, अरू त खालि लगाम समात्ने मात्रै हुन् ।

एक जना भिक्षुले विहार बनाउनको लागि एउटा रूख काट्न थाल्यो । त्यो बृक्षमा बस्ने बृक्षदेवीले आफु र आफ्नो नवजात छोरा बस्नको लागि अर्को ठाउँ नभएको ले रूख नकाट्न आग्रह गरे पनि भिक्षुले मानेन । छोरालाई हांगामा राखिदियो भने त रूख काट्दैन होला भनेर हांगामा राख्दा खेरि भिक्षुले उठाइसकेको बन्चरो लाई रोक्न सकेन र बच्चाको एउता हात काटियो । देवीलाई धेरै रिस उठ्यो र भिक्षुलाई मार्नको लागि हात उठायो । तर तुरून्तै यो त भिक्षु हो भनेर मनमा आयो र आफैलाई नियन्त्रण गऱ्यो । रूँदै भगवानकहाँ गएर सबै कुरा भन्यो । क्रोधबाट आफैलाई नियन्त्रण गरेकोमा भगवानले देवीको प्रशंसा गर्नु भयो । उपरोक्त गाथा भन्नुभयो । आफ्नो गन्धकुटीको नजिकैको रूखमा वासस्थान पनि मिलाई दिनु भयो ।

**अक्कोधेन जिने कोधं, असाधुं साधुना जिने ।**
**जिने कदरियं दानेन, सच्चेनालिकवादिनं ॥**

क्रोधीलाई अक्रोधले जित, दुष्टलाई राम्रो कामले । कन्जुसलाई दानले जित, झुट्ठावादीलाई सत्य वचनले ।

उत्तरा उपासिकाको विवाह एउटा अबौद्ध परिवारमा भएको कारण उसले भगवान बुद्ध र संघ प्रति कुनै किसिमको दान आदि पुण्य कार्य गर्न सकेको थिएन । आखिरमा तिनीले एउटा उपाय सोचिन् । सिरिमा भन्ने एक जना महिलालाई पन्ध्र दिन सम्म पत्नी सरह सेवा गर्न लगाएर पतिसंग आज्ञा लिएर उत्तराले बुद्ध र संघलाई दान आदि पुण्य कार्य गरीन् । पंन्धौं दिनमा उत्तराको पतिले उत्तरालाई देख्ने वित्तिकै मुसुक्क हांसेको देखेर सिरिमाको मनमा धेरै डाह भयो । मैल यत्तिका दिनसम्म त्यत्रो सेवा गरे पनि मेरो केही मुल्य रहेनछ भन्ने सोचेर तिनीले उत्तरामाथि उम्लेको घिउ खन्याइ दियो । तर उत्तराले सिरिमाको कारणले मैले धेरै पुण्य कार्य गर्न पाएँ भनी विचार गरी तिनीप्रति कुनै द्वेष गरेन, मैत्री भाव नै राखी रहिन् । उत्तरालाई उम्लेको घिउले केही कष्ट भएन । भगवानले यो कुरा थाहा पाए पछि माथिको गाथा व्यक्त गर्नु भयो ।

**"मूर्खले मात्र हामीले एकदिन अवश्य मर्नुपर्छ भनि विचार गर्दैन 'हामी मर्ने छौं' भनी विचार गर्ने बित्तिकै कलह शान्त हुन्छ " – धम्मपद**



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको ४६ औं वार्षिक भेला सम्पन्न




फोटो- अरुणसिद्धि तुलाधर

*कविता बज्राचार्य स्वर्गीय प्रकाश वज्राचार्यको लागि "धर्मकीर्ति अश्वघोष सम्मान" ग्रहण गर्नुहुँदै*

*प्रस्तुती- उर्मिला तुलाधर*

वि.सं. २०७५ बैशाख ८ गते, शनिवार बुद्ध भूमि विहार, टोखामा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको वार्षिक भेला सम्पन्न भयो ।

भोजन अघि र पछि दुई चरणमा विभाजित उक्त भेलामा पहिलो चरणमा बुद्धभूमि विहारको आवासिय भन्ते शान्त रक्षितबाट बुद्ध पूजा र प्रवचनको कार्यक्रम भयो ।

दोश्रो चरणको कार्यक्रम शान्त मैत्री भन्तेको सभापत्तित्त्वमा सम्पन्न भयो । अरूणसिद्धी तुलाधरबाट संचालित कार्यक्रम गोष्ठीको उपाध्यक्ष इन्दावती गुरूमांको स्वागत मन्तव्यबाट सुरू भयो। गोष्ठीको चार उद्देश्यहरूः- व्यवहारिक बुद्धशिक्षाको अध्ययन, गाउँ गाउँमा बुद्ध शिक्षा प्रचार गर्ने, बुद्ध शिक्षा सम्बन्धी पुस्तक पत्रिका प्रकाशन गर्ने र बौद्ध विद्वानहरूको स्वागत गर्ने यो उद्देश्य अनुरूप गोष्ठी अगाडि बढिरहेको कुरा इन्दावती गुरूमांले भन्नुभयो । गोष्ठीको सचिव लोचनतारा तुलाधरले वि.सं. २०७४ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो। वर्ष भरीको शनिवारीय कक्षा प्रतिवेदन रामकुमारी मानन्धरले तयार पार्नुभएको सचिवले नै प्रस्तुत गर्नु भयो। अल्पकालीन श्रामणेर तथा ऋषिनी प्रव्रज्याको प्रतिवेदनं इन्दावती गुरूमांले प्रस्तुत गर्नु भयो। गोष्ठीको आर्थिक प्रतिवेदन कोषाध्यक्ष श्यामलाल चित्रकारले प्रस्तुत गर्नुभयो । त्यस्तै धर्मकीर्ति बौद्ध पुस्तकालयको प्रतिवेदन मीनशोभा शाक्यले प्रस्तुत गर्नुभयो ।

यस वर्षको छैठौं धर्मकीर्ति अश्वघोष सम्मान तथा धर्मकीर्ति धम्मवती सम्मानको घोषणा विकास रत्न तुलाधरले गर्नु भयो । यस वर्षको धर्मकीर्ति अश्वघोष सम्मान मरणोपरान्त प्रकाश वज्राचार्यलाई प्रदान गरिएको थियो। उहाँको व्यक्तित्व इन्द्रकुमार नकर्मिले प्रकाश पार्नु भयो । त्यस्तै धर्मकीर्ति धम्मवती सम्मान मरणोपरान्त तारादेवी तुलाधरलाई प्रदान गरिएको थियो । उहाँको व्यक्तित्व सुमित्रा तुलाधरले प्रकाश पार्नु भयो। सम्मान कार्यक्रममा शान्त मैत्री भन्तेबाट प्रकाश वज्राचार्यका श्रीमती कविता वज्राचार्यलाई सम्मान पत्र पदान गर्नु भयो र इन्दावती गुरूमांले खादा, लोगो र फूलको गुच्छा प्रदान गर्नु भयो । त्यस्तै इन्दावती गुरूमांले तारादेवी तुलाधरका भाई बुहारी माणिक लक्ष्मी तुलाधरलाई सम्मान पत्र र शुभवतीले गुरूमांले खादा लोगो र फूलको गुच्छा प्रदान गर्नु भयो ।



Downloaded from http://www.dhamma.digital




फोटो- अरुणसिद्धि तुलाधर

*माणिक लक्ष्मी तुलाधर स्वर्गीय तारादेवी तुलाधरको लागि "धर्मकीर्ति अश्वघोष सम्मान" ग्रहण गर्नुहुँदै*

बु.सं. २५६१ मा बुद्ध धर्ममा स्नातकोत्तर (MA) गर्नु हुने गोष्ठीका सदस्यहरूलाई इन्दावती गुरूमांले खादा ओढाइ सम्मान गर्नुभयो । सम्मान प्राप्त गर्नुहुने यसरी हुनुहुन्छ –

सविता लक्ष्मी तुलाधर – लुम्बिनी विश्वविद्यालय
समुद्रदेवी ताम्राकार – लुम्बिनी विश्वविद्यालय
श्यामलाल चित्रकार – त्रिभुवन विश्व विद्यालय

वि.सं. २०७५ सालमा गोष्ठीको विभिन्न कार्यक्रममा संयोजक हुनु भई कार्यक्रम सफल पार्नु हुने संयोजकहरूलाई शान्त मैत्री भन्तेवाट धर्मोपहार प्रदान गर्नु भयो । उहाँहरू हुनु हुन्छ प्रव्रज्या दिवस र पूज्य अश्वघोष भन्तेको ९१ जन्मदिन समारोह संयोजक - सुभद्रा स्थापित गुरू पुन्ही संयोजक – उर्मिला तुलाधर पूज्य धम्मवती गुरूमां ८४ जन्मोत्वसवको हाजिरी जवाफ प्रतियोगिता संयोजक – सरोज मानन्धर बुद्धिज्म फर यूथ – तारा डंगोल अल्पकालीन प्रव्रज्या शिविरमा विशेष सहयोग गर्नुहुने सुनीता तुलाधर, मीन शोभा शाक्यलाई पनि उपहार प्रदान गरियो ।

यस वर्ष धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको तीन वर्षको कार्यकाल सकिएर नयाँ कार्य समिति पुर्नगठन गरियो जस्को पदाधिकारीहरू निम्न छन –

| | |
|---|---|
| धम्मानुशासक | श्रद्धेय अश्वघोष महास्थविर |
| अध्यक्ष | पूज्य धम्मवती गुरूमां |
| उपाध्यक्ष | इन्दावती गुरूमां |
| उपाध्यक्ष | वीर्यवती गुरूमां |
| सचिव | लोचनतारा तुलाधर |
| सहसचिव | अमिर कुमारी शाक्य |
| कोषध्यक्ष | श्यामलाल चित्रकार |
| सहकोध्यक्ष | रामकुमारी मानन्धर |
| सदस्यहरू | उर्मिला ताम्राकार, सरोज मानन्धर, सुभद्रा स्थापित, दीना कंसाकार, सुमित्रा तुलाधर, उर्मिला तुलाधर, इन्द्रमान महर्जन, मचाकाजी महर्जन |

कार्य समितिको नामावली इन्दावती गुरूमांले घोषणा गर्नु भयो । सल्लाहकार रमा कंसाकारले खादा ओढाई स्वागत गर्नु भयो ।

कार्यक्रमको अन्त्यमा सभापतिको आसनवाट शान्त मैत्री भन्तेले मन्तव्य दिनु भयो र वार्षिक भेलाको संयोजक मीन शोभा शाक्यले धन्यवाद ज्ञापन गर्नु भई सभा बिसर्जन भयो ।



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहारमा ३७ औं रक्तदान शिविर सम्पन्न

*२०७५ वैशाख १५ गते, शनिवार । स्थान- धर्मकीर्ति विहार धम्महल ।*

२५६२ औ वैशाख पूर्णिमा (स्वाँया पुन्हि) को उपलक्ष्यमा ३७ औं पटकको रक्त दान शिविर सम्पन्न भएको छ। धर्मकीर्ति विहार स्वास्थ्य कमिटीको आयोजनामा मचाकाजी महर्जनको संयोजकत्त्वमा संचालित यस कार्यक्रममा धर्मकीर्ति विहारका प्रमुख श्रद्धेय धम्मवती गुरूमां सहित अन्य गुरूमांहरूको तर्फबाट सामूहिक परित्राण गर्नुभएको थियो । जम्मा ४८ जना रक्तदाताहरूले रक्तदान गरेको उक्त कार्यक्रममा विहारका गुरूमांहरू लगायत उपासक उपासिकाहरूले रक्तदाताहरूलाई जूस मिथाई र विस्कुट आदि दान गरी पुण्य सञ्चय गर्नु भएका थिए ।

*रक्तदाताहरूको नाम र थर –*

(१) बद्रिलाल नेपाली
(२) बिमला सिंह
(३) सृजक तुलाधर
(४) विनय कृष्ण डंगोल
(५) अनिल रत्न तुलाधर
(६) अनिल कंसाकार
(७) नानीहोर महर्जन
(८) प्रमोद शाकय
(९) ईश्वर भगत श्रेष्ठ
(१०) हसन कुमार वज्राचार्य
(११) इन्द्र मान महर्जन
(१२) सुरभी श्रेष्ठ
(१३) अमला
(१४) आभाष मानन्धर
(१५) सनिष नापित
(१६) विश्वम महर्जन
(१७) दयानन्द शाक्य
(१८) अनिल महर्जन
(१९) असिम महर्जन
(२०) अनुष्का महर्जन
(२१) संजय महर्जन
(२२) कृष्ण वहादुर राजबाहक
(२३) सृजन वज्राचार्य
(२४) अष्ट लक्ष्मण शाक्य
(२५) विकास रत्न तुलाधर
(२६) मनिका महर्जन
(२७) मायादेवी महर्जन
(२८) रमिला शोभा तुलाधर
(२९) राम भगत श्रेष्ठ
(३०) रोशन काजी तुलाधर
(३१) रविन श्रेष्ठ
(३२) निरज श्रेष्ठ
(३३) निकिता श्रेष्ठ
(३४) सबिना श्रेष्ठ
(३५) निखिल श्रेष्ठ
(३६) रूस्सो महर्जन
(३७) राजेन्द्र शाक्य
(३८) अरूणसिद्धि तुलाधर
(३९) राजेन्द्र मानन्धर
(४०) मीरा मानन्धर
(४१) सुरेन्द्रमान शाक्य
(४२) राजेन्द्र महर्जन
(४३) ज्ञानीछोरी महर्जन
(४४) पिलिन्दा बाँनिया
(४५) अमृतमान
(४६) प्रतिक्षा ताम्राकार
(४७) कविता रञ्जित
(४८) नन्दकुमार रञ्जित

*रक्तदाताहरूलाई खाद्य सामाग्री, कार्यक्रमको लागि आवश्यक सरसामान र रकम दान गर्ने दाताहरूको नामावली–*


| *दाताहरूको नाम* | *दान विवरण* |
|---|---|
| (१) श्रद्धेय धम्मवती गुरूमां – | विस्कुट |
| (२) कीर्तिमैंया, खुसिबुँ – | जूस |
| (३) चम्पा तता, भोजन पुचः – | कोक/फान्ता/स्प्राइट |
| (४) मचाकाजी महर्जन, तँलाछी – | व्यानर |
| (५) सुभद्रा स्थापित – | पुरी |
| (६) कमल केशरी – | कप/प्लेट |
| (७) जमलदेवी मानन्धर – | जेरी |
| (८) श्रद्धेय चमेली गुरूमां – | रू. १००।– |
| (९) नीलशोभा ताम्राकार, भोताहिटी– | रू. ५००।– |
| (१०) पूर्णहेरा तुलाधर, भोताहिटी – (दूधको लागि) | रू. ५००।– |
| (११) विष्णु, बुरांख्यो – | रू. ५०।– |
| (१२) सीता महर्जन, लाजिम्पात – | रू. २००।– |
| (१३) शान्ति शाक्य, लगं – | रू. १००।– |
| (१४) कान्छि मैंया शाक्य, नघः – | रू. २००।– |
| (१५) पार्वती चित्रकार न्ह्योखा – | रू. १००।– |
| (१६) रत्नकाजी, मीनदेवी – | रू. २०।– |
| (१७) शान्ति डंगोल ब्रह्मटोल – | रू. १००।– |
| (१८) रूपशोभा शाक्य सामाखुसी – | रू. १००।– |
| (१९) नातीमैंया शाक्य, भक्तपुर – | रू. ५००।– |
| (२०) लक्ष्मी मानन्धर, बनेपा – | रू. ५०।– |
| (२१) नारायणदेवी महर्जन, लगंबहाः – | रू. १००।– |
| (२२) दानकेशरी शाक्य, ताहाचल – | रू. ५०।– |
| (२३) लक्ष्मी प्रजापति, ज्याथा – | रू. १००।– |
| (२४) छोरी महर्जन, भलननी – | रू. ५०।– |
| (२५) कृष्ण देवी महर्जन, लस्कननी – | रू. ५०।– |
| (२६) ओमिन श्रेष्ठ, न्ह्योखा – | रू. १००।– |
| (२७) सुभान कुमार – | रू. १००।– |

**"जस्तो राम्रोसंग छाएको छानाबाट पानी चुहँदैन त्यस्तै शुद्ध चित्तमा राग चुहँदैन ।" – धम्मपद**



Downloaded from http://www.dhamma.digital

# धमकीर्ति बौद्ध परियत्ति केन्द्र पुरस्कार वितरण समारोह



फोटो- वीर्यवती गुरुमां

*सभापतीको आशनबाट आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै धम्मवती गुरुमांको साथमा परिक्षा नियन्त्रक भिक्षु बोधिज्ञान*

*२०७५ जेठ ५ गते, शनिवार ।*

*स्थान- धर्मकीर्ति विहार, धम्महल ।*

यसदिन धर्मकीर्ति बौद्ध परियत्ति केन्द्रबाट बौद्ध परियत्ति शिक्षाको विभिन्न कक्षाबाट परिक्षा दिई उत्तिर्ण भएका ५९ जना परिक्षार्थीहरूलाई पुरस्कार वितरण गरिएको थियो। धर्मकीर्ति बौद्ध परियत्ति केन्द्रले आयोजना गरिएको उक्त कार्यक्रममा प्रमुख अतिथि श्रद्धेय भिक्षु बोधिज्ञानले पञ्चशील प्रार्थना गराउनु भएको थियो। श्रद्धेय भिक्षुणी धम्मवतीको सभापतित्त्वमा सञ्चालित उक्त कार्यक्रममा चमेली गुरूमांले धर्मकीर्ति बौद्ध परियत्ति केन्द्रको २०७४ सालको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो ।

उत्तिर्ण विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो ।

(१) भिक्षु बोधिज्ञान (२) भिक्षुणी धम्मवती

(३) पञ्चवीर सिंह तुलाधर (४) श्याममान वज्राचार्य

(५) परिक्षाहितमान सिंह वनिया (६) चमेली गुरूमां

क्षान्तिवती गुरूमांले संचालन गर्नुभएको उक्त कार्यक्रममा आ-आफ्नो मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी रहनु भएको थियो –

**(१) सृजना महर्जन –**

*(कक्षा २ मा बोर्ड प्रथम हासिल गर्ने सफल विद्यार्थी)*

मन्तव्य व्यक्त गर्ने क्रममा उहाँले भन्नुभयो "परियत्ति शिक्षा अध्ययन गरेर मैल आफ्नो जीवनलाई सकारात्मक ढंगमा ढाल्नु पर्दो रहेछ भन्ने ज्ञान सिक्ने मौका पाएँ ।"

**(२) भिक्षु बोधिज्ञान –**

मन्तव्य व्यक्त गर्ने क्रममा परीक्षा नियन्त्रक भिक्षु बोधिज्ञानले आजभन्दा ५४ वर्ष अगाडि २१ जिल्लामा शुरू गरिएको परियत्ति शिक्षाले हाल १०५ केन्द्र स्थापना गर्न सफल भएको कुरा जानकारी दिनुहुँदै परियत्ति शिक्षाको महत्त्व विषयमा प्रकाश पार्नु भएको थियो ।

**(३) भिक्षुणी धम्मवती –**

सभापतिको आशनबाट मन्तव्य व्यक्त गर्नुहुँदै भिक्षुणी धम्मवतीले मानव जीवनको सफलता हासिल गर्नको लागि प्रथम खुड्किलो परियत्ति शिक्षा भएकोले सर्वप्रथम परियत्ति शिक्षा अध्ययन गर्न अति जरूरी भएको विषयमा जोड दिनु भएको थियो ।

कार्यक्रमको अन्त्यमा खेमावती गुरूमांले धन्यवाद ज्ञापन गर्नुभई कार्यक्रम समापन गर्नुभएको थियो । कार्यक्रमको अन्त्यमा भिक्षुणी धम्मवतीबाट परियत्ति शिक्षा पढाउनुहुने शिक्षिका गुरूमांहरूलाई नगद उपहार पनि प्रदान गर्नु भएको थियो ।

कार्यक्रम समापन पश्चात् सहभागी सबैलाई मीना तुलाधरको तर्फबाट जलपान दान गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

# धर्म प्रचार — समाचार

## २५६२ औं बुद्ध पूर्णिमा महोत्तसव सम्पन्न

२५६२ औं वैशाख पूर्णिमा महोत्तसव भव्य रूपले सम्पन्न गरिएको समाचार यसरी प्राप्त भएका छन् –

(१) **काठमाडौं, आनन्दकुटी विद्यापीठ** –

*२०७५ बैशाख १७ गते सोमवार ।*

२५६२ औं बैशाख पूर्णिमा महोत्सबको उपलक्ष्यमा बुद्ध जयन्ती समारोह समिती आनन्दकुटी विहारबाट आयोजित एक कार्यक्रममा प्रधानमन्त्री के.पी शर्मा ओलीले भगवान् बुद्धको शान्ति संन्देश अहिले पनि उत्तिकै सान्दार्भिक रहेकोले हामी सबैले यसको अनुशरण गर्न आवश्यक भएको कुरा उल्लेख गर्न भयो ।

(२) **लुम्बिनी** –

लुम्बिनी विकास कोषले शान्तिनायक भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा २५६२ औं वैशाख पूर्णिमा र अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनको लागि प्रधानमन्त्री के.पी शर्मा ओलीको संयोजकत्त्वमा मूल समारोह समिति र १३ उपसमिती गठन गरी भव्य रूपले कार्यक्रम सम्पन्न गरिएको थियो । अन्तराष्ट्रिय बौद्ध सम्मेलन र २५६२ औं वैशाख पूर्णिमा महोत्सव कार्यक्रम उद्घाटनको लागि राष्ट्रपति विद्यादेवी भण्डारी र प्रधान मन्त्री केपी शर्मा ओली लुम्बिनी पुग्नुभएको थियो ।

अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनमा चीन, भारत, जापान, फ्रान्स, पोल्याण्ड, मलेशिया जर्मन, र श्रीलंका लगायत विदेशबाट थुप्रै प्रतिनिधीहरू सहभागी भएका थिए ।

वैशाख १५ र १६ गते संचालित उक्त सम्मेलनमा विभिन्न देशका प्रतिनिधी र पर्यवेक्षकहरूले कार्यपत्र पनि प्रस्तुत गर्नुभएका थिए । १० बुँदे घोषणापत्र जारी गरी सम्पन्न गरिएको उक्त सम्मेलनमा लुम्बिनीलाई भगवान् बुद्धको जन्मस्थल र बुद्धधर्मलाई मुहानको रूपमा स्वीकार गर्ने कुरा उल्लेख गरिएको छ । सम्मेलनमा जम्मा २३ देशका अन्तर्राष्ट्रिय बौद्ध बिद्वान, धर्मगुरू, भिक्षु भिक्षुणी सहभागी रहेको कुरा प्राप्त समाचारमा जनाइएको छ ।

प्रा. केन्जो टांगेले डिजाइन गरेको लुम्बिनी गुरू योजनालाई शान्ति र मानवताको विश्व केन्द्रको रूपमा लागु गरिने निर्णय गरिएको कुरा बुझिन आएको छ । कपिलवस्तु, देवदह, रामग्राम आदि क्षेत्रलाई समेत समेटी बृहत लुम्बिनी गुरूयोजना अनुसार विकास गर्ने तयारी भइरहेको कुरा समाचारमा उल्लेख भइरहेको छ ।

वैशाख १७ गते आयोजित २५६२ औं वैशाख पूर्णिमा कार्यक्रममा आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै प्रधान मन्त्री ओलीले भारतका सम्राट अशोकले समेत बुद्ध नेपालमा जन्मनुभएको प्रमाण खडा गरेर गइसकेपछि पनि यस विषयमा हालसम्म पनि भ्रम फैलाइरहनु आवश्यक नभएको विषयमा प्रकाश पार्नुभएको थियो । यसको साथै उहाँले रामग्राम, लुम्बिनी र तिलौराकोट जोड्न मोनोरेल सञ्चालनार्थ सम्भाव्यता अध्ययन गरिने पनि जानकारी दिनुभएको कुरा प्राप्त समाचारमा उल्लेख गरिएको छ ।

कार्यक्रममा प्रदेश ५ का मूख्य मन्त्री शंकर पोखरेलले लुम्बिनीको विकासमा स्थानिय जनतालाई लुम्बिनीसंग आत्मियता जोडिने गरी रणनीति तयार गर्न लुम्बिनी विकास कोषको ध्यान आकर्षण गराउनु भएको थियो भने सँस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री रविन्द्र अधिकारीले लुम्बिनी गुरू योजनाले पूर्णता पाएपछि मात्र लुम्बिनीको विकासले सार्थकता पाउने विचार, व्यक्त गर्नु भएको थियो । यसरी नै भिक्षु मैत्रीले अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनद्वारा जारी लुम्बिनी घोषणा पत्रबारे जानकारी गराउनु भएको थियो ।

(३) **भगवान बुद्धको पवित्र आस्थिधातु यात्रा** –

*२०७५ वैशाख १७ गते, सोमबार ।*

२५६२ औं वैशाख पूर्णिमाको उपलक्ष्यमा भगवान् बुद्धको पवित्र आस्थिधातु सजाइएको गाडिले नगर परिक्रमा गरिएको थियो । बुद्ध जयन्ती समारोह समितिको आयोजनामा आयोजित उक्त कार्यक्रममा सहभागी थुप्रै उपासकोपासिकाहरूले काठमाडौँको वसन्तपुर, नयाँसडक, मखन, चिकंमुगः, न्हूघ, ज्याःबहाः लगं हुँदै ब्रह्मटोल, ह्यूमत, क्वहिटी, भिमसेनटोल, मरू, प्याफल, न्यत, त्यंगल, क्षेत्रपाठी, जे.पी. स्कूल, क्वावहाल, थँहिटी नःघल आदि । स्थानहरूको नगर परिक्रमा गरेका थिए ।



Downloaded from http://www.dhamma.digital

(४) **धर्मकीर्ति विहारले बीर अस्पतालमा बिस्कुट र जूस वितरण** –

२५६२ औं वैशाख पूर्णिमाको उपलक्ष्यमा धर्मकीर्ति विहारका गुरूमांहरू लगायत उपासकोपासिकाहरूको संयुक्त सहयोगबाट यसदिन वीर अस्पतालमा रोग उपचार्थ रहेका विरामीहरूको सिघ्रस्वास्थ्य लाभको कामना गरी विस्कुट, र जूस वितरण गरिएको थियो ।

(५) **बेनी म्याग्दी**–

बुद्ध जयन्ती तथा लुम्बिनी दिवस समारोह समिति पुण्य भूमी बुद्ध विहार म्याग्दीको आयोजनामा २५६२ औं वैशाख पूर्णिमा महोत्सवको उपलक्ष्यमा वैशाख १५ गते देखि १७ गते सम्म विभिन्न कार्यक्रमहरू यसरी संचालन गरिएको समाचार छ–

वैशाख १५ गते – बुद्धपूजा

वैशाख १६ गते – बेनी अस्पतालका विरामीहरूलाई फलफुल वितरण

वैशाख १७ गते – शान्तिपदयात्रा रथयात्रा दीपावली आदि

(६) **ध्यान केन्द्र र सभागृह शिलान्यास** –

*बुटवल वैशाख १७ गते ।*

राष्ट्रपति विद्यादेवी भण्डारीले बुद्ध जन्मस्थल लुम्बिनीमा निर्माण हुन लागेको लुम्बिनी अन्तर्राष्ट्रिय बौद्ध ध्यान केन्द्र तथा सभागृह शिलान्यास गर्नुभएको समाचार छ ।

बुद्ध जयन्तीको अवसरमा शिलान्यास गरिएको उक्त कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओली, सँस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री रविन्द्र अधिकारी, प्रदेश नं ५ का मूख्य मन्त्री शङ्कर पोखरेल पनि सहभागी हुनुभएका थिए ।

(७) **नगदेश बौद्ध समूह** –

२०७५ बैशाख १७ २५६२ औं बैशाख पूर्णिमाको उपलक्ष्यमा नगदेश बौद्ध समूह र बौद्ध ल्यायम्ह पुचः नगदेशको संयुक्त आयोजनामा बुद्ध पूजा कार्यक्रम संचालन गरिएको समाचार छ । केशावती गुरूमांको प्रमुख अतिथित्त्व एवं खेमावती गुरूमांको विशेष अतिथित्त्वमा संचालित उक्त कार्यक्रम नगदेश बौद्ध समूहका अध्यक्ष दीपकराज साँपालको अध्यक्ष्यतामा संचालन भएको थियो । बौद्ध ल्यायम्ह पुचःका अध्यक्ष शिबभक्त मेजुले स्वागत मन्तव्य व्यक्त गर्नुभई बौद्ध उपासक कृष्ण कुमार प्रजापतिले बुद्ध जीवनी र वैशाख पूर्णिमाको महत्त्व विषयमा चर्चा गरिएको थियो । प्रमुख अतिथि केशावती गुरूमांले नगदेश बुद्ध विहारका लागि आर्थिक एवं भौतिक सहयोग गर्नुहुने उपासक उपासिकाहरू मध्ये रू. ५०,००५।– आर्थिक सहयोग गर्नुहुने उपासिका केशरी माया दुवाल र दराज दान गर्नुहुने उपासकद्वय दाजुभाई दिलकृष्ण प्रजापति र राघेश्याम प्रजापतिलाई खाडा र बुद्धको प्रतीक चिन्ह प्रदान गर्नु भएको थियो । यसरी नै विशेष अतिथि खेमावती गुरूमांले धर्मोपदेश गर्नुहुँदै विहार दान गर्नुको महत्त्व बताउनु भएको थियो। यसको साथै उहाँले पनि विहार निर्माण गर्ने अग्रिम शुभ समाचार प्रबाह गर्नुभएको थियो ।

(८) **विश्वशान्ति विहार, मीनभवन काठमाडौं** –

*२०७५ वैशाख १५–२०७५ बैशाख १७*

२५६२ औं बुद्धजयन्ती तथा २६४२ औं लुम्बिनी दिवस समारोह समिति विश्वशान्ति विहार मीन भवनले ३ दिने कार्यक्रम अनुसार १५ गते भिक्षाटन, १६ गते कल्पवृक्ष दान ज्ञानमाला भजन, बुद्धपूजा र दीपावली गरिएको थियो ।

यसरी नै १७ गते बुद्ध प्रतिमा सजाई आलोक नगर एवं शंखमूल क्षेत्रमा धिमेबाजा सहित नगर परिक्रमा गरिएको थियो । नगर परिक्रमा पश्चात् विहारमा समारोह समितिका अध्यक्ष मखनलाल श्रेष्ठको सभापतित्त्वमा एक कार्यक्रम संचालन गरिएको थियो । कार्यक्रममा प्रमुख अतिथि भिक्षु बोधिज्ञानले सभामा सबै लाई पञ्चशील प्रार्थना गराउनु हुँदै बुद्ध जयन्तीको महत्त्व विषयमा प्रकाश पार्नुहुँदै धर्मदेशना गर्नुभएको थियो । प्रदीप कुमार शाक्यले संचालन गर्नुभएको उक्त कार्यक्रममान कृष्णमान शाक्यले स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको थियो भने सुन्दर कुमार शाक्यले धन्यवाद ज्ञापन गर्नु भएको थियो । यसरी नै ज्ञानमाला भजन संयोजिका श्रद्धा लक्ष्मी शाक्यको संयोजकत्त्वमा भोजपूर टकसार शाक्य समाजद्वारा स्वागत गान प्रस्तुत गरिएको उक्त कार्यक्रममा एभरेष्ट इंङ्गलिस स्कूल भक्तपूरको ५ जना छात्राहरूबाट पञ्चबुद्ध चर्या नृत्य पनि प्रस्तुत गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

# अल्पकालिन श्रामणेर एवं ऋषिणी प्रव्रज्या शिविर सम्पन्न



*अल्पकालिन श्रामणेर, ऋषिणी प्रव्रज्या शिविरमा सहभागी विद्यार्थीहरूका साथ आयोजक र प्रशिक्षक महानुभावहरू*

*२०७४ चैत्र २५ देखि वैशाख १ सम्म*
*स्थान- रत्न विपश्यना विहार, सानो भऱ्याङ्ग, स्वयम्भू*

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले वर्षेनि सञ्चालन गर्दै आइरहेको अल्पकालिन श्रामणेर एवं ऋषिणी प्रव्रज्या कार्यक्रम यसपाली रत्न विपश्यना विहार सानो भऱ्याङ्गमा १७ औं शिविरको रूपमा सम्पन्न भएको छ ।

९ वर्ष देखि १६ वर्ष सम्मका बालबालिकाहरू समेटिएको जम्मा ४२ जना वालबालिकाहरूले भाग लिएको उक्त कार्यक्रममा १७ जना बालकहरू श्रामणेर प्रव्रजित भएका थिए भने २५ जना बालिकाहरू ऋषिणी प्रव्रजित भएका थिए ।

कार्यक्रमको प्रारम्भमा उर्मीला ताम्राकारले कार्यक्रम संचालन गर्नुभएको थियो । भिक्षु गौतमको विशेष अतिथित्त्व एवं भिक्षु शान्त मैत्रीको सभापतित्त्वमा संचालित उक्त कार्यक्रममा इन्दावती गुरूमांले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । भिक्षु शान्तमैत्रीले १७ जना बालकहरूलाई शील प्रार्थना गराउनु भई श्रामणेर प्रव्रज्या गराउनु भएको थियो भने इन्दावती गुरूमांले २५ जना बालिकाहरूलाई शील प्रार्थना गराउनु भई ऋषिनी प्रव्रज्या गराउनु भएको थियो ।

उक्त साप्ताहिक कार्यक्रमको संक्षिप्त विवरण यसरी रहेको छ ।

| मिति | विषय | प्रशिक्षक |
|---|---|---|
| २०७४ चैत्र २५ | प्रव्रज्याको महत्त्व– | भिक्षु शान्तमैत्री |
| | नैतिक आचरण– | सुचिता गुरूमां, इन्दावती गुरूमां |
| २०७४ चैत्र २६ | Communication and Leadership | अनुपा श्रेष्ठ |
| | विनय | भिक्षु बोधज्ञान |
| | बुद्ध जीवनी | केशावती गुरूमां |
| | स्थास्थ्य | पूर्णिमा शाक्य |
| २०७४ चैत्र २७ | बुद्ध पूजा विधि | कुशल ज्ञाणी गुरूमां |
| | बुद्ध जीवनी | कुसुम गुरूमां |
| | हस्तकला | सरोजमानन्धर,अनिला शाक्य |
| | मंगल सूत्र | भिक्षु पञ्ञारत्न |



Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| २०७४ चैत्र २८ | दशपारमिता | इन्दावती गुरूमां |
| | बुद्ध शिक्षामा नेतृत्त्व विकास | उर्मीला ताम्राकार |
| | ध्यान भावना | सयादो उ सुजनपिय<br>निर्मलज्ञाणी गुरूमां |
| | मातापिताको गुण | वीर्यवती गुरूमां |
| | पञ्चशील फलाफल | मीना तुलाधर |
| २०७४ चैत्र २९ | चतुआर्य सत्य | निर्मलज्ञाणी गुरूमां |
| | मंगल सूत्र | मदनरत्न मानन्धर |
| | पञ्चशीलको विपाक | मन्दिरा ताम्राकार |
| | असल मानिस भएर कसरी बाँच्ने | बरदेश मानन्धर |
| | स्वागत गान उद्घोषण | अमीर कुमारी शाक्य |
| २०७४ चैत्र ३० | बुद्ध पूजाविधि | कुशलज्ञाणी गुरूमां |
| | मंगल सूत्र | मदनरत्न मानन्धर |
| | नैतिक आचरण शिक्षा | इन्दावती गुरूमां |
| | खुरू खुरू न्ह्यसः (सिरपा) | प्रफुल्ल कमल ताम्राकार<br>मीना तुलाधर |
| | उद्घोषण तालिम | अमीरकुमारी शाक्य |

यस अल्पकालिन प्रव्रज्या शिविर सञ्चालनार्थ रत्न विपश्यना विहारले पुऱ्याएको सहयोगको लागि धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी अल्पकालिन प्रव्रज्या शिविरले आभार व्यक्त गरेको छ। यस विहारको धर्मप्रचार कार्यमा उत्तरोत्तर प्रगतिको कामना गर्दै शिविर संचालन कार्यक्रमको तर्फबाट रू. १६०००।– चन्दा प्रदान गरिएको थियो।

यस अल्पकालिन शिविर सञ्चालन गर्नको लागि जलपान भोजन दान गर्नुका साथै विभिन्न क्षेत्रको तर्फबाट आवश्यक सहयोग गर्नुहुने सहयोगी, दाताहरू र सहयोग विवरण यसरी रहेको छ –


| दान विवरण | दाताहरू |
|---|---|
| जलपान दान | श्रृष्टी वज्राचार्य, सुभाशिष तुलाधर, सुहान रंजितकार, प्रसन्न र प्रतिश शाक्य |
| भोजन दान | सिन्जि, न्हूजः अनुस्का, रतीश्री, मोहनदेवी महर्जन, अंकित महर्जन तिसा, आश्रा, नसला, प्रिन्सा, सुभद्रा स्थापित, अजित सिं |
| जूस दान | प्रतिमा मानन्धर, मचाकाजी महर्जन, अश्विनी, शान्ति शाक्य |
| मिश्री काडा दान | बुद्ध कुमारी मानन्धर, अभिषेक वज्राचार्य, सवित तुलाधर |
| विविध र नगद दान | ऐश्वर्य तुलाधर, मीना तुलाधर, नानी हेरा महर्जन, विष्णु कुमारी |

यस सत्रौं अल्पकालिन श्रामणेर तथा ऋषिनी प्रव्रज्या शिविर २०७५ साल वैशाख १ गते समापन

गरिएको थियो। उक्त समापन समारोहमा बुद्ध पूजा गरी शुरू गरिएको थियो। सयादो उ सुजन पियले पञ्चशील



Downloaded from http://www.dhamma.digital



*अल्पकालिन श्रामणेर, ऋषिणी प्रव्रज्या कार्यक्रममा सहभागी विद्यार्थीहरू*

प्रार्थना गराउनु भएपछि भन्ते गुरूमांहरूबाट परित्राण पाठ गर्नुभएको थियो ।

उक्त कार्यक्रम सयादो उ सुजनपियको सभापतित्त्वमा र श्रद्धेय निर्मलत्राणी गुरूमांको विशेष अतिथित्त्वमा तीसा महर्जन र सिन्जी महर्जनले संचालन गर्नुभएको थियो ।

लूनिभा श्रेष्ठले स्वागत भाषण गरी श्रद्धेय इन्दावती गुरूमांले कार्यक्रम विषयमा मन्तव्य व्यक्त गर्नुभएपछि आ-आफ्नो मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो–

श्रामणेरहरू मध्येबाट – १) अभिषेक वज्राचार्य
२) रोनिस प्रजापति
पुरुष अभिभावक – राजेन्द्र मान वज्राचार्य
महिला अभिभावक – अनिला शाक्य

सयादो ऊ सुजन पियबाट वर्मी भाषामा ओवाद देशना गरी निर्मलत्राणी गुरूमांले अनुवाद गर्नुभएको उक्त कार्यक्रममा हस्तकला प्रतियोगितामा विजयी विद्यार्थी-हरूलाई पुरस्कार प्रदान गरिएको थियो ।

प्रतियोगिता नतिजाको विवरण यसरी रहेको छ –

| | सूह १ | समूह २ |
|---|---|---|
| प्रथम | आश्रा डंगोल | प्रजिना शाक्य |
| द्वितीय | निर्जला तुलाधर | अंकित महर्जन |
| तृतीय | श्रृष्टि वज्राचार्य | भलसा तुलाधर |
| सान्त्वना | सुभाषित तुलाधर | हार्दिक श्रेष्ठ |

*पुरस्कार प्रायोजक – सरोज मानन्धर र अनिला शाक्य ।*

यस अल्पकालिन शिविरमा २ र ३ पटकसम्म लगातार सहभागी हुनुभएका विद्यार्थीहरूको नामावली यसरी रहेको छ –

| दुईपटक भाग लिन सफल विद्यार्थिहरू | तीन पटक भाग लिन सफल विद्यार्थीहरू |
|---|---|
| श्रृष्टि वज्राचार्य, प्रतिमा डंगोल, भलसा तुलाधर, आश्रा डंगोल | अभिषेक वज्राचार्य, सिन्जिी महर्जन, न्हूजः डंगोल, अंकित महर्जन, तीसा महर्जन |



Downloaded from http://www.dhamma.digital